मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ११४ ● २०८० साल फागुन २८ गते सोमवार ● Monday 11, March 2024 ● सूर्योदयः बिहान ६:१८ बजे ● सूर्यास्तः साँझ ६:११ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## उपप्रधानमन्त्री यादवद्वारा पदबहाली

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नवनियुक्त उप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले पद तथा गोपनीयताको शपथपछि मन्त्रालय पुगेर आइतबार नै पदबहाली गरेका छन् । पदबहालीसँगै सङ्घीय तथा प्रादेशिक अस्पतालमा शल्यक्रियामा देखिएको ढिलाई छिटो छरितो व्यवस्था मिलाउने पहिलो निर्णयमा यादवले हस्ताक्षर गरे । उनले स्वास्थ्य उपचारका लागि लामो समय लाइनमा बस्नुपर्ने सास्ती कम गराउन डिजिटल प्रविधिलाई अझ बढी प्रभावकारी बनाउने समेत निर्णय गरे ।
'बिरामी लामो लाइन बसेर उपचार सेवा लिनुपर्ने बाध्यता अन्त्य हुनुपर्छ, यसलाई सहज बनाउदै बिरामीले समयमै उपचार सेवा पाउने गरी अनलाइन एवम् डिजिटल प्रविधिमार्फत घरैबाट पनि समय लिने व्यवस्था मिलाउनेछौँ,' उनले भने, 'गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै सरकारी स्वास्थ्य संस्थाको क्षमतावृद्धि र विकास गर्नेछौँ ।'
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष यादव वैशाख १० गते सम्पन्न प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा बारा क्षेत्र नम्बर २ बाट निर्वाचित भएका हुन् । यादव २०७५ मा पनि उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री थिए । २०३२ सालमा वामपन्थी विद्यार्थी राजनीतिमा प्रवेश गरेका यादव नेपाल कम्युनिष्ट पार्टीको सदस्य हुँदै राजनीतिमा सक्रिय छन् । २०४८ सालदेखि नेकपा एमालेमा आवद्ध यादव २०६३ सालदेखि मधेशी जनअधिकार फोरम, नेपाल गठन गरी अध्यक्ष बनेका थिए । यादव २०६४ को संविधानसभा निर्वाचनमामा सुनसरी–५ र मोरङ–५ र २०७० मा सुनसरी–५ बाट निर्वाचित भएका थिए । २०७४ मा सप्तरी–२ बाट निर्वाचित भएका थिए ।

## नवनियुक्त वनमन्त्री सुडीद्वारा पदबहाली

नवनियुक्त वन तथा वातावरण मन्त्री नवलकिसोर साह सुडीले पदबहाली गरेका छन् ।
राष्ट्रपति कार्यालयमा आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएपछि सिंहदरबारस्थित मन्त्रालय पुगेर उनले पदबहाली गरेका हुन् । मन्त्रालयलका सचिव डा. दीपकुमार खराललगायत मन्त्रालयल र मातहतका विभाग तथा निकायका उच्चपदस्थ कर्मचारीले उनलाई स्वागत गरेका थिए । पदबहालीपछि मन्त्री सुडीले मन्त्रालयल तथा निकायका सबै कर्मचारीसँग सरसल्लाह तथा विचार विमर्श गरेर मन्त्रालयलका काम अघि बढाउने बताए ।
'वनको विकास र वनबाट मुलुकको समृद्धि कसरी हासिल गर्न सकिन्छ भन्ने सम्बन्धमा सरोकारवाला सबैसँग राय सुझाव सल्लाह लिएर मन्त्रालयका काम अघि बढाउने छौँ,' उनले भने, 'मुलुकको करिब ४५ प्रतिशत भूभाग ओगटेको वन क्षेत्रबाट स्थानीय जनताका जीविकोपार्जनको आवश्यकता पूरा गर्ने र मुलुकमा रोजगारी सिर्जना गर्ने सम्बन्धमा ध्यान केन्द्रित हुनेछ ।' मन्त्री सुडीले पदबहालीपछि सङ्घीय मन्त्रालय र सातै प्रदेशका वन मन्त्रालयबीच समन्वयका लागि समन्वय अधिकृत तोक्ने पहिलो निर्णयमा हस्ताक्षर गरेका छन् । मन्त्री सुडी प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ मा सप्तरी क्षेत्र नम्बर १ बाट निर्वाचित भएका हुन् ।

## उपप्रधानमन्त्री र मन्त्रीद्वारा शपथ



राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादव र वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीलाई आइतबार पद तथा गोपनीयताको शपथ गराए । नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा उपप्रधानमन्त्री र मन्त्रीको नियुक्ति, हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरेका हुन् ।
राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित समारोहमा उनीहरुलाई राष्ट्रपति पौडेलले शपथ गराएका हुन् । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवम् नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायत विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

## यादव मन्त्री बनेकामा असन्तुष्टि

गौर हत्याकाण्ड पीडित संघर्ष समितिले जसपा अध्यक्ष उपेन्द्र यादवलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री बनाएकामा असन्तुष्टि पोखेको छ । संघर्ष समिति संयोजक रुपसागर उपाध्यायले आइतबार विज्ञप्ति जारी गर्दै असन्तुष्टि जनाएका हुन् । 'पीडितसँग गरेको लिखित सम्झौता एवम् प्रतिबद्धता विपरीत उल्टै मन्त्री बनाउने कार्य आपत्तिजनक, दुखद एवम् निन्दनीय मात्र नभई कानुनी शासनको उपहास पनि हो,' विज्ञप्तिमा भनिएको छ । गौर हत्याकाण्ड पीडित संघर्ष समितिले यादव गौर प्रकरणमा दोषी रहेको भन्दै कारबाहीको माग गर्दै आएको छ ।

# मिथिला माध्यमिकी परिक्रमा सुरु

## सामाजिक सद्भाव कमजोर बन्दैः यादव


**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
पन्ध्र दिवसीय ऐतिहासिक मिथिला माध्यमिक परिक्रमा आइतबारदेखि धनुषा, कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट विधिवत सुरुवात भएको छ । मन्दिरमा भएको कार्यक्रममा ठूलो संख्यामा उपस्थित श्रद्धालुको सहभागितापछि पूजापाठ गर्दै परिक्रमा सुरुवात गरिएको हो ।




मिथिला बिहारी नगरपालिकाले गरेको कार्यक्रममा पूर्व राष्ट्रपति डा.रामवरण यादवले पहिलेभन्दा अहिले सामाजिक सद्भाव निकै कमजोर बन्दै गएको बताए । उनले धार्मिकताले समाजमा देखिएको समस्या समाधान गर्दै लैजान सकिने बताए । उनले भने, 'कतिपय ठाउँमा राजनीतिक कारणले समेत सममाजिक सद्भावमा समस्या आएकाले राजनीतिसमेत दुषित भइरहेको छ, यसले समस्या भइरहेको छ ।'
यादवले धर्मलाई पर्यटनसँग जोडेर विकास गर्नुपर्ने आवश्यकता रहेको बताउँदै भारतमा राम मन्दिर निर्माण गरेर पर्यटनसँगसमेत जोडिएको बताए । उनले भने, 'अहिले त धर्म राजनीतिको समेत माध्यम बनेको छ, भारतमा राममन्दिर निर्माण गरिएको छ र त्यो निर्वाचनको मुद्दासमेत बनेको छ, राममन्दिर निर्माण भएपछि मोदीले यसलाई मुद्दा बनाएर चुनाव पनि जित्छन् होला ।'
यादवले धर्म समाजलाई असल मार्गमा लैजाने माध्यमका रुपमा रहेको बताउँदै समाजमा देखिएको समस्यासमेत धर्मले दिशानिर्देशन गर्नुपर्ने बताए । प्रथम राष्ट्रपति यादवले धार्मिक कार्यक्रममा समेत राजनीति गर्नेलाई सहभागी गराउँदा धर्ममा पनि राजनीतिको प्रभाव बढ्दै गइरहेको बताए ।
धर्ममा राजनीति हुँदा समाजमा विकृति बढेको बताउँदै उनले धामिक कार्यक्रममा समाज उत्थानका कुरा हुनुपर्ने बताए । यादवले भने, 'धर्ममा पनि राजनीति हुँदा समाजमा विकृति बढ्दै गइरहेको छ, यसलाई हामीले रोक्नु पर्छ । धार्मिक कार्यक्रममा समाज उत्थानको कुरा हुनुपर्छ, समाजलाई कसरी जोड्ने, त्यसतर्फ छलफल हुनुपर्छ न कि यस्ता कार्यक्रममा समेत नेता कार्यकर्तालाई बोलाएर तामझाम गर्नुपर्छ ।'
कार्यक्रममा मधेश प्रदेशका पर्यटनमन्त्री सुनिता यादवले मधेश प्रदेश सरकार मधेशको हरेक यात्रालाई विकास गरेर लैजान चाहेको बताइन् । उनले अहिले परिक्रमाको विकासका लागि सरकारले पर्याप्त बजेट राखेको र केही समयमा विकासका काम अगाडि बढाइने बताइन् ।
उनले मधेशका धार्मिकस्थललाई संरक्षण गरिनु पर्ने आवश्यकता रहेको औँल्याइन् । यादवले प्रदेश सरकार मिथिला क्षेत्रको मात्रै नभई मधेशका रहेक पर्यटकीय क्षेत्रको विकास गरेर त्यसलाई पर्यटनसँग जोड्न खोजिएको बताइन् । उनले मधेशलाई धार्मिक पर्यटनको हबका रुपमा विकास गर्न मिथिला मध्यमा परिक्रमा सहायक सावित हुनसक्ने बताइन् । यसका लागि प्रदेश सरकारले मास्टर प्लान बनाएर मिथिला मध्यमा परिक्रमाका पडावस्थललाई व्यवस्थित तुल्याउन बजेटसमेत छुट्याइएको मन्त्री यादवले जानकारी दिइन् ।
नेपाल र भारतका हजारौँ संख्याका श्रद्धालु भक्तजनको सहभागिता हुने परिक्रमाकम विभिन्न १५ स्थानमा विश्राम गरी एक सय ३३ किलोमिटर पैदलयात्रा गरिन्छ । सोही यात्राका लागि आइतबार बिहान धनुषाको मिथिला बिहारी नगरपालिका–८ कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट झाँकी कीर्तनसहित श्रद्धालु प्रस्थान गरेका छन् ।
कचुरीको मिथिला बिहारी, जनकपुरको सुन्दर सदन मन्दिरबाट किशोरीजी र रामजानकीसहित जनकपुरको अन्य डोला हनुमानगढीमा आइतबार जम्मा हुने मिथिला बिहारी मन्दिरका महन्त रामनरेश शरणले जानकारी दिए । सबै तीर्थालु हनुमानगढमा जम्मा हुनेछन् । फागुन २८ गते बिहानै कल्याणेश्वरका लागि यात्रु प्रस्थान गर्नेछन् भने २९ गते भारतकै फूलहरस्थित गिरिजा स्थानमा पुगेर परिक्रमाका यात्रीले विश्राम गर्ने जनाइएको छ ।
उनका अनुसार, फागुन ३० गते ऐतिहासिक स्थान महोत्तरीको मटिहानी पुग्ने छन् ।
त्यसैगरी, आगामी चैत १ गते जलेश्वरनाथ महादेवस्थानमा विश्राम गर्नेछन् भने २ गते मडै, ३ गते ध्रुवकुण्ड पुगेर विश्राम गरिनेछ । चैत ४ गते कञ्चनवन पुगेर त्रेतायुगमा राम र सीताले होली मनाएको लोकमान्यताअनुसार त्यहाँ यात्रीले होली महोत्सव मनाउने छन् ।
चैत ५ गते धनुषाको पर्वता अर्थात् क्षीरेश्वरनाथ महादेव स्थानमा विश्राम गर्नेछन् भने चैत ६ गते धनुषाधाममा धनुषमन्दिरमा पुगेर विश्राम गर्नेछन् । चैत ७ गते सतोखर, ८ गते औरही र ९ गते पुनः भारतको बिहारस्थित करुणास्थानमा विश्राम तथा १० गते बिसौलमा पुगेर विधिवतरूपमा मध्यमा परिक्रमा समापन हुनेछ । अन्तिम दिन जनकपुर नगरको पाँचकोशे अन्तरगृह परिक्रमा गरी समाप्त हुने जनाइएको छ ।
परिक्रममा सहभागी श्रद्धालु परम्परागत बाजागाजा, झाँकीकीर्तनसहित मौलिक पहिरनमा सहभागी भएका छन् । उनीहरू नेपालको धनुषा र महोत्तरीमा १३ तथा भारतमा दुई गरी १५ विश्रामस्थलमा राति बास बस्छन् । अठारौँ शताब्दीदेखि धार्मिकयात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आइएको छ । धार्मिकयात्रा १५ दिनभित्र जनकपुर पुगेर होली खेलेर फागु पूर्णिमा तिथि पारी समापन गर्ने परम्परा छ । यस परिक्रमामा सहभागी भए मन, वचन र कर्मले भएका अनेकन पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने एवम् मोक्ष प्राप्ति हुने जनविश्वास छ । ठूलो संख्यामा श्रद्धालुको सहभागितासहित १५ दिनसम्म घुम्ने गरेका कारण यसलाई मिथिलाको कुम्भसमेत भनिने गरिन्छ ।

## सहकार्य गर्दै मधेशका तीन दल





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोसपामा एउटा समूह अलग्गिएको अवस्था र सत्तागठबन्धनमा परिवर्तित राजनीतिक घटनाक्रमपछि मधेशका तीन दल सहकार्य गरेर अघि बढ्ने विषयमा सहमत देखिएका छन् । सिके राउत नेतृत्वको जनमत पार्टी, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) र वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) सहकार्य गरेर अघि बढ्ने मनस्थितिमा पुगेका हुन् ।
तीनै अध्यक्षले समसामयिक मुद्दा तथा समस्या समाधानका लागि सहकार्यमा सहमत भएको भनेर संयुक्त विज्ञप्ति जारी गरेका छन् । 'वर्तमान परिस्थितिप्रति चिन्तित र सजग हुँदै निम्नलिखित बुँदालाई प्राथमिकतामा राखी दीर्घकालीन समाधानका लागि शतत् प्रयत्नशील रहने प्रणका साथ हामी जनमत पार्टी, जनता प्रगतिशील पार्टी, नेपाल तथा तराई–मधेश लोकतान्त्रिक पार्टी छलफल तथा सहकार्य गर्न सहमत भएका छौँ,' विज्ञप्तिमा भनिएको छ ।
नेपालको संविधानको रक्षार्थ, समसामयिक संशोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, तराई–मधेशका साथै सम्पूर्ण देशमा समृद्धि र सुशासनको लक्ष्य प्राप्ति, विद्यमान सबै प्रकारका विभेद अन्त्य, उत्पादनमुखी अर्थतन्त्र स्थापित गरी राष्ट्रिय पूँजी निर्माण र देशको कृषि उत्पादनमा वृद्धि तथा किसानको हितमा क्रियाशील रहन सहकार्य गर्ने भनेर जारी सातबुँदे विज्ञप्तिमा उल्लेख छ ।
यस्तै, उद्योगधन्धा तथा कलकारखाना स्थापित गर्दै रोजगारी सिर्जना र गुणस्तरीय तथा सर्वसुलभ शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा सुनिश्चितता पनि विज्ञप्तिमा समेटिएको छ । उनीहरूले उल्लेखित विषयमा सहमत अन्य दललाई पनि सहकार्यका लागि अपिल गरेका छन् ।

# पर्वले राष्ट्रिय एकतालाई थप बलियो बनाउँछः उपराष्ट्रपति

**मधेशदृष्टि**
**वीरगंज ।**



उपराष्ट्रपति रामसहाय प्रसाद यादव शेर्पा समुदायको महान पर्व एवं नयाँ वर्ष ग्याल्पो ल्होसारको शुभकामना दिएका छन् । विशेषतः शेर्पा, तिब्बती र योल्मो समुदायले मनाउने गरेको ग्याल्पो ल्होसार पनि सांस्कृतिक घुलनका कारण नेपालमा मनाइने अन्य उत्सव, महोत्सव र चाडपर्वमा जस्तै पछिल्लो समय अरु समुदायको पनि यसमा उल्लेख्य सहभागिता हुने गरेको शुभकामना सन्देशमा भनिएको छ ।

यो पर्वले राष्ट्रिय एकतालाई थप बलियो, सुदृढ बनाउनुका साथै मुलुकमा बहुभाषा र बहुसंस्कृतिलाई जीवन्त बनाइ राख्न हामी सबैलाई उत्प्रेरित गर्न सहयोग पनि गर्ने उनको विश्वास छ ।

ग्याल्पो ल्होसारपर्व १५ दिनसम्म जारी रहे पनि शुरुको तीन दिन विशेष अनुष्ठान गर्दै धुमधामका साथ मनाउने चलन छ ।

पहिलो दिन घरपरिवारका सम्पूर्ण सदस्य एकै ठाउँमा भेला भई घरमूलीबाट आशिर्वाद थाप्ने र गुम्बा दर्शन गर्ने परम्परा रही आएको छ । यस पर्वको दोस्रो दिन देवीदेवता, धर्मगुरुहरु, रिम्पोछे, गौतम बुद्ध र लामाहरुको पूजाआजा गर्ने परम्परा छ । पूजामा कोदोको पिठो, किकि सो–सोको प्रयोग गरिन्छ । यी सामग्रीहरु चारै दिशामा आकाशतिर छर्दै परिवार, समाज, समुदाय र मुलुकमा सुख, शान्ति र समृद्धिका लागि प्रार्थना गर्नुले समुदायगत धार्मिक आस्था र विश्वास अभिवृद्धिका लागि टेवा पुग्ने विश्वास गरिएको छ । ल्होसारको तेस्रो दिनबाट आफन्तजनकामा गएर गण्यमान्य, ठूलाबडाहरुसंग आशिर्वाद लिने र शुभकामना साटासाट गर्ने चलन छ । चामल र घिउ लगायतको मिश्रणबाट तयार पारिएको टिका टाउकोमा राखेर प्रगति र सुस्वास्थ्यको कामना गर्दै आशिर्वाद लिने र दिने परम्परा एउटा सुसंस्कृत परम्पराको पहिचान पनि हो ।

# रक्तदान कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पटेर्वासुगौली गाँउपालिका वडा नम्बर १ सोनबर्षामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । पटेर्वासुगौली गाँउपालिकाको समन्वयमा सहज सेवा सीप विकास केन्द्रले आइतबार आयोजना गरेको रक्तदान कार्यक्रममा चार महिलासहित १८ जनाले रगतदान गरेका छन् ।

रक्तदान गर्नेहरुमा कान्ति चौधरी, अनिल राउत थारु, सन्तोषी कुमारी राम, रमेश राउत बरई, रामसागर चौधरी, विक्रम दास, श्रीकान्त चौधरी, लगायतका रहेको रक्त सञ्चार केन्द्र वीरगन्जका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए ।

रक्त सञ्चार केन्द्र वीरगंजमा रगतको अभाव भएको अवस्थामा सेवा नै धर्म हो भन्ने मुल उदेश्यले रक्तदान कार्यक्रमको आयोजना गरिएको संस्थाकी कार्यकारी निर्देशक सुस्मिता कुमारी चौधरीले बताइन् । पटेर्वासुगौली गाँउपालिका वडा नम्बर १ का वडाध्यक्ष फरमान मियाँ अन्सारीको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा सहज सेवा सीप विकास केन्द्रका कार्यक्रम संयोजक मुन तिवारी, वडा सदस्य हैदर अली अन्सारी लगायतको सहभागिता रहेको थियो ।

# दुई जना प्रहरी घुससहित पक्राउ

**गणेश कुमार सिंह**
**महोत्तरी ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई जना प्रहरीलाई घुससहित रंगेहात पक्राउ गरेको छ । महोत्तरीको गौशाला नगरपालिका वडा नम्बर १२ स्थित कान्तिबजार प्रहरी चौकी असई शर्मा प्रसाद यादव र हवल्दार २० हजार रुपैयाँ घुससहित अख्तियारले पक्राउ गरेको हो । गोप्य सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुवै जनालाई गौशाला–१२ स्थित गौरिटोल नजिक मुसहर बस्ती जाने बाटोमा २० हजार रुपैयाँसहित पक्राउ गरेको हो । बर्दिवासबाट खटिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले रकमको नम्बरसहित पक्राउ गरेको जनाएको छ । पक्राउ परेका दुवै जनालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

# संकृति जगेर्ना र पहिचान खोज्दै जनजाति

**रासस**
**महोत्तरी ।**

बर्दिबासमा आदिवासी जनजातिको चौथो महोत्सव जारी छ । गत बिहीबार सुरु भएको १२ दिने यस महोत्सवमा यहाँका जनजातिले आफ्नो जातीय पहिचान र संस्कृतिको जगेर्ना नै मुख्यरूपमा उठाएका छन् । आउने चैत ५ गतेसम्म रहने नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद्ले आयोजना गरेको महोत्सवमा महोत्तरीका स्थानीयवासीको सहभागिता छ । जसमा मधेशका रैथाने दनुवार, थारू, धानुक तथा पर्वते मूलका भए पनि यहाँ पुस्तौँदेखि बसोबास गर्दै आएका मगर, तामाङ, घर्ती, नेवार, राई, किरात र माझी सम्मिलित छन् ।

पाका उमेरका दनुवारको अहिले पनि कम्मरमा 'डेली' (माछा समातेर राखिने बाँसको चोयाले बनेको ढुङ्ग्रो) भिरेर छिपछिपे पानी देख्नासाथ 'खौकी' (माछा मार्ने सानो जाल) डुबाउनु दैनिकी छ ।

मधेसका आदिवासी दनुवारको विवाहमा अहिले पनि दुलहा (बेहुला) ले काँधमा तरबार भिरेर विधि सम्पन्न गर्ने चलन छ । दनुवार महाभारतकालका कौरव, पाण्डवका सशस्त्र शिक्षाका गुरु द्रोणाचार्यसँग पुख्र्यौली साइनो जोड्छन् । द्रोणसँगको साइनोले 'द्रोणवार' भनिँदै पछि 'दनुवार' भन्न लागेको बताउने यिनीहरू आफ्नो जातीय संस्कृति झल्काउने पहिरन र सामग्रीसाथ महोत्सवमा सहभागी भएका हुन् ।

कृषि मुख्य पेसाका दनुवार, थारूले परम्परागत हलोजुवा, कोदालोसहितका कृषि ज्यावलको प्रदर्शनी र फरकफरक चाडपर्वको झलक दिने परिकार महोत्सवमा पस्किएका छन् । जाडोयाममा खाइने चामलको पीठो बफ्याएर पकाइने बगिया, तिला सक्रायत र छठपर्वका ठकुवा भुसुवा र दीपावली पर्वका विशिष्ट परिकार घुरियालो (सेलजस्तै) सहितका मिष्टान्न परिकार छन् । वेशभूषा, बोलिचाली, चाडवाड र परम्परागत व्यवसाय उस्तैउस्तै रहेका थारू, दनुवार जनजातिमात्र नभएर यहाँका मूल रैथाने आदिवासी मानिन्छन् ।

महोत्सवको मुख्यपक्ष नै जातीय परम्परा, संस्कृति परम्परा र रीतिथीति देखाउनु, बुझाउनु र सम्झाउनु रहेको दनुवार जागरण समाज महोत्तरीका सदस्य गौशाला–९ बिसरपुरका बासिन्दा पवीसिंह दनुवार बताउँछन् । महोत्सवमा थारूले 'घोङी' (शङ्खेकीराजस्तै सानो आकारको जीव) का परिकार, सिद्रा र कोदोका रोटीको स्वाद अवलोकनकर्तालाई चखाएका छन् । यसैगरी हातमा माछा मार्ने खौकी (जालजस्तै) र कम्मरमा 'डेली' (खौकीमा परेका माछा राख्ने बाँसको चोयाले बनेको एकप्रकारको भाँडो) भिरेर थारू र दनुवार युवाले महोत्सवमा सांस्कृतिक कार्यक्रम पस्कँदैछन् । यसैगरी जातीय पहिरनमा सजिएका तामाङ, मगर, राई, किरात, घर्ती, नेवार र माझी युवायुवती सबैको आँखामा पर्ने गरेका महोत्सव अवलोकनकर्ताको प्रतिक्रिया हुने गरेको छ । महोत्सवमा नेवारले १३ परिकार रहने नेवारी खाजा पस्कँदैछन् ।

महोत्सवले पर्यटन र कृषि प्रवर्द्धनमा जोड दिएको छ । 'हाम्रो समृद्धिको आधार नै पर्यटन प्रवर्द्धन र आधुनिक कृषि प्रणालीको विकास हो' आयोजक संस्था महासङ्घमा आबद्ध दनुवार जागरण समाज महोत्तरीका सुखासिंह दनुवार भन्छन्, 'यो महोत्सवलाई यसै कुरामा केन्द्रित गर्दैछौँ ।'

महोत्सवमा विभिन्न जातीय परम्परा र संस्कृति झल्काउने कार्यक्रमसँगै स्थानीय कृषि उत्पादन र लघुउद्यममा निर्मित सामग्री प्रदर्शनीमा राखिएका छन् । महोत्सवले स्थानीय उद्यम र कृषिबारे चासो बढाउने र राज्यका निकायलाई यिनको प्रवर्द्धनमा झकझक्याउने अपेक्षा राखिएको महासङ्घले जनाएको छ । महोत्सवमा स्थानीय कृषि उत्पादन, स्थानीय सीपबाट उत्पादित सामग्री र परम्परागत घरपरिवार प्रयोजनका सामग्रीको प्रदर्शनी र बेचबिखनका कक्षबारे दर्शकले चासोपूर्वक अवलोकन गरेका छन् । यी सामग्रीका एक सयभन्दा बढी प्रदर्शनी र बिक्रीकक्ष सञ्चालन गरिएको छ । महोत्सवको १२ दिने अवधिमा पाँच लाख बढी दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

मुलुकमा विभिन्न समयका राजनीतिक अधिकारका आन्दोलनले सफलता पाउँदै गए पनि पहिचानको आन्दोलन भने अझै निर्णायक बन्न नसकेको आदिवासी जनजातिको बुझाइ छ । महोत्सवमार्फत पहिचानसँग जोडिएका मुद्दाबारे थप बहसको वातावरण तयार गर्दै पछिल्लो पुस्तालाई आ–आफ्ना संस्कृति, परम्परा पछ्याउन प्रेरित गर्नु मुख्य ध्येय भएको आयोजक संस्था महासङ्घ जिल्ला समन्वय परिषद् महोत्तरीका अध्यक्ष धननारायण श्रेष्ठको भनाइ छ ।

# पालिकाबाट छोरीको बिहेमा आर्थिक सहयोग



**सञ्जय मिश्रा**
**रौतहट ।**

रौतहटको बौधिमाई नगरपालिकाले विपन्न परिवारको छोरीको बिहेमा आर्थिक सहयोग गर्ने कार्य सुरु गरेको छ ।आइतबार बौधिमाई नगरपालिकाका मेयर प्रदीप कुमार यादवले विपन्न परिवारको छोरीको बिहेमा नगद आर्थिक सहयोग गरेका हुन् ।

प्रदीप कुमार यादवले बौधिमाई वडा नम्बर ४ ईनरबारीका योगेन्द्र हजराकी छोरीको बिहेका लागि उनको घरमै पुगेर पच्चीस हजार रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । मेयर यादवले विगतदेखि नै व्यक्तिगत रुपमा विभिन्न परियोजनमा आर्थिक सहयोग गर्दै आएका छन् ।अतिविपन्न तथा दलित गरिब परिवारको छोरीको बिहेमा आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिने मेयर यादवले बताएका छन् ।यस अघि मौलापुरकी मेयर रिना कुमारी साह छोरीको बिहेमा उसको घरमै पुगेर चेक हसतान्तरण गर्दै आएकी छिन् । मौलापुरमा असहायसंग मेयर कार्यक्रम समेत निकै प्रभावकारी बनेको छ ।

# राष्ट्रपति रनिङ शिल्डमा खडक नपाको अग्रता



**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरीमा सञ्चालित जिल्ला स्तरीय १४औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खडक नगरपालिकाले ८ स्वर्ण ३ रजत र ५ कास्यपदक सहित अग्रता कायम गरेको छ । खडक नगरपालिका १० स्थित श्री महेन्द्र मावि इनर्वा फूलवडिया खेल मैदानमा आइतबार सम्पन्न अन्तिम खेलमा खडक नगरपालिकाले ८ स्वर्ण ३ रजत र ५ कास्यपदक प्राप्त गर्दै अग्रता कायम गरेको हो ।

प्रतियोगितामा रिले दौडमा खड्क नगरपालिकाले गोल्ड मेडल प्राप्त गरी अग्रस्थान उक्लिँदा सुरुगां नगरपालिका ५ स्वर्ण ८ रजत ३ कास्यपदक गरि दोस्रो र बोदेबर्साइन नगरपालिका ५ स्वर्ण ६ रजत २ कास्यपदक गरि तेस्रो स्थानमा रहेको छ । त्यसैगरी शम्भुनाथ नगरपालिकाले ३ स्वर्ण ४ रजत ५ कास्यपदक, सप्तकोशी नगरपालिका १ स्वर्ण २ रजत ६ कास्यपदक, हनुमाननगर कंकालिनी नगरपालिकाले १ कास्यपदक,राजगढ गाउँपालिकाले १ कास्यपदक प्राप्त गरेको आयोजकले जनाएको छ । आइतबारसम्म २२ वटा इभेन्ट सम्पन्न भएको खेलकुद विकास सप्तरीका प्रमुख दिनेश भुजेलले जानकारी दिए ।सोमबारको खेल ३००० मि.दौड छात्र÷छात्रा, ४००×४ मि.रिले दौड छात्र÷छात्रा, भलिबल छात्रछात्रा, कबड्डी छात्रछात्रा बिच प्रतिस्पर्धा हुने उनले जानकारी दिए । जिल्लाका ८ पालिकाका मावि स्तरीय छात्रछात्रा सहभागी प्रतियोगिता शनिबारदेखि सुरु भएको हो ।

# राष्ट्रियसभा अध्यक्षका लागि दाहाल र शर्मा उम्मेद्वार




**मधेशदृष्टि**
**काठमाडौँ ।**

राष्ट्रियसभाको अध्यक्ष पदको निर्वाचन यही फागुन २९ गते मंगलबारहुँदैछ । आइतबार बसेको राष्ट्रियसभा बैठकले राष्ट्रियसभा नियमावली २०७५ को नियम ७ बमोजिम राष्ट्रियसभाको अध्यक्षका लागि २०८० फागुन २९ गते मंगलबारको मिति तोकिएको हो ।

राष्ट्रियसभा अध्यक्षका लागि दुई जना उम्मेदवार हुने भएका छन् ।

राष्ट्रियसभा अध्यक्षका लागि सत्तारुढ दल नेकपा माओवादी केन्द्रले नारायण दाहाललाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको पदाधिकारी बैठकले सांसद दाहाललाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

त्यसैगरी, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रियसभा अध्यक्ष पदमा पार्टीका तर्फबाट युवराज शर्मालाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा आइतबार उनको निवास बूढानीलकण्ठमा बसेको कांग्रेस संसदीय दल कार्यसमितिको बैठकले राष्ट्रियसभा अध्यक्षको निर्वाचनमा पार्टीका तर्फबाट शर्माको उम्मेदवारीको प्रस्ताव दर्ता गर्ने निर्णय गरेको हो ।

बैठकले शर्माको पक्षमा मतदान गर्न राष्ट्रियसभामा रहेका अन्य राजनीतिक दल तथा सदस्यहरुसँग अनुरोध गर्ने निर्णय गरेको संसदीय दलका नेताको सचिवालयले जनाएको छ ।राष्ट्रियसभा अध्यक्षको निर्वाचनका लागि सोमबार बिहान ११ देखि अपराह्न ३ बजेसम्म उम्मेदवारी दर्ता गर्ने कार्यक्रम तय गरिएको छ ।

# महाधिवेशनका लागि वैशाखमा प्रतिनिधि चयन गर्ने

**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले आसन्न १०औँ महाधिवेशनका लागि आगामी वैशाख १५ देखि २२ गतेसम्म प्रतिनिधि चयन गर्ने भएको छ । पार्टीले मातहतका केन्द्रीय निकाय, प्रदेश कमिटी, जिल्ला कमिटीलगायत कमिटीलाई सम्बन्धित प्रतिनिधिको नामावली समयसीमाअगावै सिफारिस गरी केन्द्रमा पठाउन निर्देशन दिएको सचिव जीवनराम श्रेष्ठले जानकारी दिए । सबै कमिटीले सम्बन्धित नेताले सङ्गठनमा गरेको योगदान तथा कार्यसम्पादनको मूल्याङ्कनका आधारमा प्रतिनिधिको सिफारिस गर्न र आफ्नो कार्यक्षेत्रका सदस्यलाई बैठक गरी यसको जानकारी गराउनुपर्ने प्रावधान तोकिएको छ । गत माघ २५ देखि आगामी चैत २५ गते (दुई महिना)सम्म महाधिवेशन केन्द्रित अभियान देशभर सञ्चालन गरेको छ ।

यस अवधिमा पार्टी सदस्य व्यवस्थित तथा विस्तार, सङ्गठन निर्माण, भेला प्रशिक्षण, प्रकाशनसहित सम्पर्क मञ्चका सदस्य विस्तार, वितरण गर्न सदस्यता शुल्क, लेबीलाई व्यवस्थित गरिने छ । अभियान सफल बनाउन पार्टीले सबै कमिटीलाई पत्राचार गरेको जनाइएको छ ।पार्टीले पार्टी सदस्यता विस्तार तथा सङ्गठन सुदृढीकरण गर्न तल्लो तहलाई निर्देशन दिइएको पार्टीले महाधिवेशनमा सहभागी हुन आउने सबै नेतालाई पार्टी सदस्यता नवीकरण गर्न आगामी चैत मसान्तसम्म समय तोकेको छ । पार्टीको सम्पर्क विशेष प्रदेश कमिटीले महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजका लागि मातहातका सातवटा प्रदेश सम्पर्क कमिटी, ७४ जिल्ला सम्पर्क मञ्चलाई सुझाव पठाउन निर्देशन दिएको छ । कमिटीले आगामी जेठ ३ देखि ७ गतेसम्म काठमाडौँमा महाधिवेशन आह्वान गरेको छ ।

# जीतपुर उपमहानगरले मनायो स्थापना दिवस



**मधेशदृष्टि**
**बारा ।**

जीतपुरसिमरा उपमहानगरपालिकाले विभिन्न कार्यक्रम गर्दै आफ्नो ८ औँ स्थापना दिवस मनाएको छ । आइतबार एकसमारोहका बीच विभिन्न कार्यक्रम गरी आफ्नो स्थापना दिवस मनाएको हो । स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममको उद्घाटन कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्वाला कुमारी साहले गरेकी थिइन् । उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री साहले आफूले मन्त्रालयको जिम्मेवारी सम्हाले देखिनै पहिलो प्राथमिकता लम्की स्कीन रोगबाट मरेको पशुहरुको बिमा प्रक्रिया अगाडी बढाउने र दुग्ध किसानहरुले लामो समयदेखिको दुधको भुक्तानी नपाएकोले त्यसको समाधान गर्नु रहेको बताइन् । कार्यक्रममा बोल्दै नगर प्रमुख राजन पौडेलले ऐतिहासिक, औद्योगिक र पर्यटकीय नगर जीतपुरसिमरालाई समृद्ध बनाउनका लागि सबैको साथ, सहयोग जरुरी रहेको बताए । त्यस्तै, जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारीले जीतपुरसिमरालाई पर्यटकीय क्षेत्रमा अगाडी बढाउनमा उपमहानगर लागिपरेको भन्दै सबैको साथको आवश्यकता रहेको बताए ।स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा जीतपुर उपमहानगरपालिकाले विभिन्न क्षेत्रका व्यक्ति र उत्कृष्ट कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरेको छ ।कार्यक्रममा ज्येष्ठ नागरिक चित्र देवी गुरुङ र मंगल राय थारुलाई समेत सम्मान गरेको थियो ।कार्यक्रममा उपमहानगरमा कार्यरत कर्मचारी लक्ष्मी लामा,रमेश चौधरीसहित ३ जनालाई जनही २० हजार रुपैयाँ नगदसहित सम्मान गरेको छ ।

# अवैध सामानसहित दुई जना प्रहरी नियन्त्रणमा





**मधेशदृष्टि**
**सर्लाही ।**
अवैध रुपमा भन्सार छली ल्याएका फूल, कपडा र गाडीसहित दुई जनालाई सर्लाही प्रहरीले पक्राउ गरेको छ ।नेपाल भारत सिमा क्षेत्रस्थित संग्रामपुरबाट भन्सार छली चोरी पैठारी गरि ल्याएको फूल, कपडा र गाडीसहित दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरिक्षक दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए ।उनका अनुसार संग्रामपुरबाट भन्सार छली ल्याएका फूल र कपडा गाडीमा लोड गरेर काठमाडौँ लैजान ल्याउँदै गर्दा हरिपुर्वा नगरपालिका वडा नम्बर ५ बाट प्रहरीले नियन्त्रणमा लिएको हो ।

केही व्यक्तिहरुले भारतबाट अबैध रुपमा भन्सार छली चोरी पैठारी गरी काँचा फूल लगायत कपडाहरु चार चक्के भ्यानमा लोड गरी नेपालको हरिपुर्वा हुँदै काठमाडौँतर्फ लगि रहेको भन्ने विशेष सूचनाको आधारमा खटिएको जिल्ला प्रहरी कार्यालय सर्लाही र प्रहरी चौकी हरिपुर्वाबाट खटिएको संयुक्त प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।प्रदेश २–०३–००१ च ०६८४ नम्बरको पिकअप गाडीसहित महोत्तरी बर्दीबास नगरपालिका वडा नम्बर ३ का ४२ वर्षीय सन्तोष मगर र सवारी पर्सा गाउँपालिका वडा नम्बर ६ का ३८ वर्षीय सरोज भण्डारीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरिक्षक दयानिधि ज्ञवालीले जानकारी दिए ।

उनका अनुसार सो गाडीमा विभिन्न किसिमका फूलका माला, फूल भित्र अवैध रुपमा लुकाई छिपाई राखेको कपडा, फूल र गाडीसहित मगर र भण्डारीलाई नियन्त्रणमा लिएको हो । अबैध रुपमा लुकाई छिपाई ल्याएको फुलको गाडी र मानिसहरुलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीको नियन्त्रणमा राखेर अनुसन्धान सुरु भएको छ भने कपडा भन्सार कार्यालय र फुल प्लान्ट कवारेन्टाईन कार्यालय बुझाइएको छ ।

नियन्त्रणमा लिएको कपडा, फुल र सवारी साधन अन्दाजी मूल्य १२ लाख रुपैयाँ बराबरको रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# मधेश प्रदेश सरकारमा एमालेको दाबी



**मधेशदृष्टि**
**रौतहट ।**
नेकपा एमालेका सचिव एवम् मधेश प्रदेश इन्चार्ज योगेश भट्टराईले नेकपा एमालेले कुनै पनि अवस्थामा मधेश प्रदेशमा आफ्नो दाबी छाड्न नहुने बताएका छन् । मधेश प्रदेश सरकारका लागि केन्द्रीय नेतृत्वसँग जोडदार पहल गरिने उनले प्रतिवद्धता व्यक्त गरे । आइतबार नेकपा एमाले मधेश प्रदेश कमिटीको चन्द्रनिगाहपुरमा बसेको दोस्रो बैठकले मधेश सरकारमा आफ्नो दाबी पेश गर्ने निर्णय गरेको हो ।

मधेशी जनताको जनमत एमाले नेतृत्वको सरकारका लागि रहेकाले गठबन्धनमा आवद्ध दलहरुले जनमतको कदर गर्दै निशर्त एमालेलाई नेतृत्व दिनुपर्ने ईन्चार्ज भट्टराईले बताए । मधेशमा एमाले सबैभन्दा ठूलो दल भएकाले स्वाभाविकरुपमा मधेश प्रदेशको नेतृत्व आफ्नो दलले पाउनुपर्ने भन्दै बैठकले निर्णय गरेको छ ।

नेकपा एमाले मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा बसेको बैठकमा पार्टीका पोलिटब्युरो सदस्य, केन्द्रीय सदस्य, मधेश प्रदेश सदस्यको सहभागिता थियो । बैठकले मधेश प्रदेशका जनजीविकाको सवाललाई पनि विशेष निर्णय गरेको सचिव मनोज पौडेलले जानकारी दिए । बैठकले संगठन विभाग प्रमुख चन्देश्वर मण्डल, स्थानीय विकास विभाग प्रमुख बिचारी यादव, जनसङठन समन्वय समयन्त्र प्रमुख मनोज पौडेल, प्रचार तथा प्रकाशन विभाग प्रमुख आरती भण्डारी, आर्थिक विभाग प्रमुख महम्द कैसलाई जिम्मेवारी दिइएको छ ।

# मितेरी पुलमा सर्वसाधारणलाई सहज बनाउन पहल



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सीमाको वीरगंज भन्सार नजिक मितेरी पुलमा रहेको सीमा सुरक्षा बल (एसएसबी)को टोली फिर्ता गर्न नेपाल पक्षबाट अवाज उठेपछि भारतीय सुरक्षाकर्मीले यसको समन्वय सुरु गरेका छन् । सीमामा एसएसबीले नेपालीलाई दुःख दिएको भनेर गुनासो बढेपछि डिआइजी सुब्रमनियमको नेतृत्वमा आएको सुरक्षाकर्मीले आइतबार नेपाली पक्षसँग अन्तरक्रिया गरेको थियो । टोलीमा कमाण्डेट विकास कुमार, एनएस मेहरा, निरीक्षक मनोजकुमार शर्मालगायतका सदस्य सहभागी थिए ।

केही दिनअघि मितेरी पुलमा एसएसबीको टोलीबाट नेपाली व्यापारीमाथि भएको दुव्र्यवहारको विरोध भएपछि डिआइजीको टोली सीमामा आएर अन्तरक्रियामा जुटेको हो । भारतीय बजारबाट ससाना सामान किनेर आउने नेपालीले पनि दुःख पाएको गुनासो आएपछि सीमामा दिइएको दुःख अन्त्य गर्न माग गरिएको वीरगंजका समाजसेवी जयप्रकाश खेतानले बताए । उनले भने, ‘नेपाली किनमेलकै लागि भारत गएका हुन्छन्, कि त किन्न जानै दिन भएन, नत्र ससाना सामानमा पनि दुःख दिइन थालेपछि सीमाको पोष्ट नै हटाउन आग्रह गरेका छौँ ।’

नेपाली पक्षको अनुरोध र अन्तरक्रियापछि सीमा सुरक्षा बल पोष्ट हटाउने विषयमा निर्णयमा पुगिने भनेर डिआइजीबाट जवाफ आएको खेतानले बताए । यसले सीमामा ओहोरदोहोर गर्ने नेपाली समुदायलाई राहत हुने छ । पछिल्लो तीन महिनादेखि मितेरी पुलमा एसएसबीले चेकजाँच गरिरहेको थियो ।

# हँसियाले श्रीमतीको घाँटी रेटेर हत्या

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा नगरपालिका ६ बसपिट्टामा धारिलो हतियार प्रहार गरी एक पुरुषले श्रीमतीको हत्या गरेका छन् ।स्थानीय राम उदगार साहले ६० वर्षीया श्रीमती निर्मला साहको हत्या गरेका हुन् । निर्मलाको हत्या गरिएको अवस्थामा शव खेतमा फेला परेको सिरहाका प्रहरी प्रमुख एसपी सन्तोष आचार्यले जानकारी दिए ।उनले घरायसी विवादमा राम उदगारले श्रीमतीको हत्या गरेको बताए । हत्या आरोपमा राम उदगारलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको उनको भनाइ छ ।दुई दिन अगाडी सिरहाको गोलबजारमा पनि घरायसी विवादमै एक पुरुषले श्रीमतीको हत्या गरेका थिए ।

# शिविरमा १४०२ जनाले लिए सेवा

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी परिवार महिला सङ्घले रौतहटमा सञ्चालन गरेको निःशुल्क स्वास्थ्य शिविरमा एक हजार चार सय दुई जनाले परीक्षण गराएका छन् ।

परोहा नगरपालिका वडा नम्बर ४ लौकाहामा भएको शिविरमा स्वास्थ्य परीक्षण, स्त्री तथा प्रसूति रोग, आँखा, दाँत नाक, कान, घाँटीलगायत अन्य रोगको परीक्षण भएको थियो ।

सीमा क्षेत्रमा बसोबास गर्ने नागरिक र सशस्त्र प्रहरी बल नेपालबीचको सम्बन्ध सुमधुर बनाई सीमा सुरक्षा, सीमापार अपराध तथा अवैध गतिविधि नियन्त्रणमा प्रभावकारिता ल्याउने उद्देश्यले शिविर सञ्चालन गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

# गौर पालिका कपः गौर र गरुडा विजयी




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौरमा जिल्ला स्तरिय पालिका कप टी २० क्रिकेट टुर्नामेन्ट प्रतियोगिता सुरु भएको छ ।क्रिकेट खेलप्रती स्थानीय युवामा आकर्षण बढाउन र स्तरीय खेलाडी तयार गर्न रौतहटमा पहिलो पटक शनिबारदेखि टी–२० पालिका कप क्रिकेट टुर्नामेन्ट प्रतियोगिता सुरु भएको हो । जिल्लाको १८ वटै स्थानीयतहबाट उत्कृष्ट खेलाडी छनौट गरेर प्रत्येक पालिकाबाट एक÷एक टिम गरी पालिका कप २०८० मा १८ वटा टिमको सहभागितामा रहेको बताइएको छ ।

रौतहट क्रिकेट संघद्वारा आयोजित पालिका कपलाई व्यवस्थित एवं उत्कृष्ट खेलाडी उत्पादन गरेर जिल्लामा मजबुत टिम तयार गर्न प्रतियोगिताबाट सघाउ पुग्ने क्रिकेट संघका अध्यक्ष पवन साहले बताए । आइतबार दोस्रो दिनको पहिलो खेलमा गौर टीम विजयी भएको छ। टस जितेर गौरले पहिलो ब्याटिङ गर्दै कुल ११२ रन बनायो । प्रतिउत्तरमा गुजरा टिमले ११० रन बनाएर २ रनको झिनो अन्तरले पराजित हुन पुग्यो । गौरका लागि ओपनर ब्याट्सम्यान राज पटेलले ६७ रन, रबी साह र प्रिन्स अन्सारीले क्रमश १३÷१३ रन बनाएका थिए । गौरले १८ ओभर १ बौलमा सबै विकेट गुमाएर ११२ रन बनाएको थियो । गुजरा टिमले २० ओभरमा ३ विकेट गुमाएर११० रनमै सिमित हुन पुग्यो ।

दोश्रो खेलमा फतुवा विजयपुरको टिमले १९.२ ओभरमा सबै विकेट गुमाएर ८३ रन बनाएका थिए ।प्रतिउत्तरमा गरुडा टिमले १२.३ ओभरमा ८५ रन बनाएर विजयी सुरुआत गरेका छन् ।

दादुरा-रूबेला खोप अभियान
२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म




दादुरा, रूबेला अतिनै संक्रामक र प्राणघातक रोगहरू हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । दादुरा-रूबेला भएको एक जना व्यक्तिले १८ जना सम्मलाई सार्न सक्छ ।
त्यसैले आफ्ना बालबालिकालाई दादुरा रूबेला खोप लगाएर यी रोगहरू लाग्नबाट बचाऔं ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

*यातायात र पर्यटन उद्योग*
*अर्थतन्त्रको ठूलो हिस्सा हो ।*
*–करेन ह्युज*

## सम्पादकीय

# अर्थतन्त्रको सुधारात्मक पाटो

*चालु आर्थिक वर्षको माघ मसान्तसम्मको विप्रेषण आप्रवाह, चालु खाता, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकले आसाका किरण जगाएका छन् । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्क हेर्दा देशको आर्थिक तथा वित्तीय स्थिति सुधारको बाटोमा छ । विप्रेषण आप्रवाह २१ दशमलव छ प्रतिशत वृद्धि भएर आठ खर्ब ३९ अर्ब रुपैयाँ पुगेको देखिएको छ । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९ दशमलव एक प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलर छ अर्ब ३१ करोड पुगेको छ । माघ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ४७ हजार १२ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या एक लाख ५८ हजार पाँच सय ४० पुगेको छ । सुरुवाती सात महिनामा खुद ट्रान्सफर २० प्रतिशतले वृद्धि भएर नौ खर्ब १० अर्ब ७४ करोड रुपैयाँ पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । पुँजीगत ट्रान्सफर २९ प्रतिशतले कमी आउको छ । खुद प्रत्यक्ष वैदेशिक लगानी पाँच अर्ब १८ करोडले धनात्मक देखिएको छ । खुद प्रत्यक्ष वैदेशिक लगानी एक अर्ब चार करोड रुपैयाँले धनात्मक बनेको छ ।*

*चालु खाता एवम् शोधनान्तर स्थिति सकारात्मक नै देखिएको छ । माघ मसान्तसम्ममा चालु खाता  एक खर्ब ६१ अर्ब ६९ करोड रुपैयाँ बचतमा छ । अघिल्लो वर्षको यही अवधिको तथ्यांकमा चालु खाता ४० अर्ब १६ करोड रुपैयाँ घाटा थियो । शोधनान्तर स्थिति दुई खर्ब ९७ अर्ब ७२ करोड रुपैयाँ बचत छ । अघिल्लो वर्ष यही अवधिमा शोधनान्तर स्थिति एक खर्ब २८ अर्ब ५५ करोड रुपैयाँ थियो । असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ बराबर रहेको विदेशी विनिमय सञ्चिति पछिल्लो सात महिनामा १९ दशमलव ९ प्रतिशत वृद्धि भएर १८ खर्ब ४४ अर्ब ९४ करोड रुपैयाँ पुग्नु पनि सकारात्मक नै हो । नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति असार मसान्तसम्ममा १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकामा माघ मसान्तसम्ममा २० दशमलव सात प्रतिशत वृद्धि भएर १६ खर्ब २३ अर्ब ९२ करोड रुपैयाँ पुगेको छ । विदेशी विनिमय सञ्चिति दुई खर्ब २१ अर्ब दुई करोड रुपैयाँ छ । विनिमय सञ्चितिमा भारतीय मुद्रा २२ दशमलव छ प्रतिशत छ ।*

*यी सबै तथ्यांकहरु सकारात्मक देखिएका छन् । सकारात्मक तथ्यांकले जनतामा आसा जगाउँछ । तर वास्तविक हिसाबले साँच्चै अर्थतन्त्र सुधार भएको हो कि होइन, आर्थिक व्यापारिक गतिविधिले देखाउँछ । अझै पनि मुलुकमा व्यापार चलायमान देखिएको छैन । तथ्यांकमा भने आर्थिक वर्षको सुरुवाती सात महिना सकारात्मक तथ्यांकमा उकालो चढिरहेको देखिन्छ । यस्तै आँकडाहरुले पनि काम गर्छ, सकारात्मक सञ्चार गर्छ । यो आँकडाजस्तै व्यवहारिकरुपमा व्यापार सक्रिय बने पक्कै निरास अर्थतन्त्र ब्युँतने पक्का छ । यही कामना पनि गरौँ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्क: ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेल: madheshdristi@gmail.com

# अनलाइन हिंसाको मारमा महिला र बालबालिका




अमृता अनमोल



नेपाल प्रहरीको साइबर ब्युरोको तथ्याङ्क भन्छ, ‘पछिल्लो पाँच वर्षमा साइबर हिंसा अर्थात अनलाइन अपराधका घटना छ गुणाले वृद्धि भएको छ ।’ हुन पनि प्रहरीमा दैनिक डेढ सयका हाराहारीमा अनलाइन हिंसाका उजुरी पुगेका छन् । आर्थिक वर्ष २०७६÷७७ मा प्रहरीको साइबर ब्युरोमा दुई हजार तीन सय एक निवेदन आएका थिए । यो सङ्ख्या बढेर गत आर्थिक वर्ष २०७९÷८० मा नौ हजार १३ निवेदन परे । सबैभन्दा धेरै अनलाइन हिंसामा महिला र बालबालिकामाथि भएका उजुरी छन् । महिला बालबालिकाका धेरै उजुरीमा जिस्काउने, प्रेम प्रस्ताव वा यौन प्रस्ताव नमान्दा धम्काउने, नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी अनलाइनमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम र तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने तथा दुःख दिनेलगायत छन् । सामाजिक सञ्जालको दुरुपयोग गरी हुने चरित्र हत्या, गालीगलौज, डरधम्की जस्ता गतिविधिले महिला तथा बालबालिकाको मानसिकता र जीवनयापनमा ठूलो असर पारेको देखिन्छ ।

अनलाइन उपकरणको दुरुपयोगबाट सर्वसाधारण मात्र होइन, सार्वजनिक छवि भएका, प्रशासक, राजनीतिज्ञ, मानवअधिकार रक्षक, पत्रकार र सामाजिक अभियन्ता महिलासमेत हिंसाको जोखिममा छन् । त्यस्ता महिलाले कुनै विषयमा आफ्नो विचार वा टिप्पणी व्यक्त गरेकै कारण उनीमाथि सामाजिक सञ्जालमार्फत चारित्रिक दोष लगाउने, धम्काउने र नङ्ग्याउने क्रम सुरु हुन्छ । सामाजिक सञ्जालमा अश्लील गालीगलौज मात्र होइन, बलात्कार गर्ने र ज्यान मार्नेसम्मको धम्की आउने उनीहरुको अनुभव छ ।

इन्टरनेटको बढ्दो प्रयोगले मानिसका धेरै क्रियाकलाप अनलाइनमा रुपान्तरण भएका छन् । अनलाइनबाट जतिजति क्रियाकलापहरु बढ्दैछन् त्यति नै त्यसबाट हिंसा बढ्दै गएको छ । सामान्य रुपमा पनि  कसैको प्रेम प्रस्ताव स्वीकार नगरे बेइज्जत गर्ने, कुनै शब्द वा भनाइको ट्रोल बनाउने क्रम असाध्यै बढेको छ । अनलाइनका प्लेटफर्महरुको प्रयोग गरेर डरत्रास देखाउने, धाकधम्कीका सन्देश पठाउने, सहमतिबना निजी पहिचान र यौनजन्य सामग्री पठाउनेलगायतका गतिविधिले महिलामाथि अनलाइन हिंसा बढाइरहेको छ । अनलाइन अपराध गर्नु गलत मानसिकताको उपज हो । हिंसामा परेका व्यक्तिको नजरबाट हेर्दा विद्युतीय साक्षरता नहुँदा अर्थात अनलाइन कसरी प्रयोग गर्ने भन्ने नजान्दा पनि  भएका देखिन्छन् । कतिपयलाई सामाजिक सञ्जालमा मैले के लेख्दैछु, के च्याट गर्दैछु, यसलाई मैले मेट्दैमा सबै प्रमाण मेटिंदैन भन्ने थाहा हुँदैन । लेखिएका कुराले भोलि कानुनी झमेलामा फस्छु कि भन्ने जानकारी पनि छैन । यसले झन् समस्यामा धकेलेको छ ।



अनलाइन हिंसाका स्वरुप एकै प्रकारका छैनन् । फरकफरक छन् । यसले जो जतिबेला पनि हिंसामा पर्ने देखिन्छ । तर विद्यमान शक्ति संरचना र परम्परागत धारणाका कारण धेरै र सहजै हिंसा महिला र बालबालिकामाथि भएको पाइन्छ । सङ्ख्यात्मक रुपमा पिडा दिने धेरै पुरुष भेटिन्छन् । पितृसत्तात्मक सोचका कारण पुरुष पीडक बनेका हुन् । अपेक्षाकृत व्यवहार नमिलेमा महिलामाथि अनलाइन हिंसा सुरु गरिहाल्ने एकखाले जमात छ । त्यो जमातले फरकफरक तरिकाले महिला तथा बालबालिका हिंसा गरिहेको हुन्छ ।

अनलाइन माध्ययमको दुरुपयोगले मानव बेचबिखनको जोखिम पनि बढाएको छ । सामाजिक सञ्जालबाट साथी बनेर प्रेमको नाटक गर्ने, घुम्न लैजाने, पढाइदिने, मोबाइल तथा लुगा किनीदिने, रोजगारीमा लगाइदिनेजस्ता प्रलोभन देखाएर वयस्कहरुले बालबालिका तथा किशोरीको अवैध ओरासारपसार र बेचबिखन गर्ने पाइएको मानवअधिकार आयोगको प्रतिवेदन २०७९ मा उल्लेख छ ।   प्रहरीकै तथ्याङ्क हेर्ने हो भने पनि अवैध ओरासारपसार र बेचबिखनमा पर्ने महिला र बालिका धेरै छन् । प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा आर्थिक वर्ष २०७९÷८० मा मानव बेचबिखन तथा अवैध ओसारपसारका एक सय ५७ उजुरी आएका थिए । त्यसमा २१० महिला थिए । धेरैले अनलाइन प्लेटफर्मका माध्ययमबाट चिनेको वा योजना बनाएको बताएका थिए ।

डिजिटल अधिकारमा काम गर्ने अन्तरराष्ट्रिय संस्था ‘बडी एन्ड डाटा’ले सन् २०२३ मा गरेको अनलाइन हिंसा सम्बन्धित सर्वेक्षण गरेको थियो । त्यसमा ८६ प्रतिशत महिला तथा सीमान्तकृत समुदायले आफूले कुनै न कुनै प्रकारको अनलाइन हिंसा भोगेको बताएका थिए । महिला त्यसमा पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र सिमान्तकृत समुदायमाथि धेरै हिंसा भएको छ । उनीहरुले आफूमाथि भएका हिंसा तत्काल बताउन नसक्दा भयावह रुपमा बाहिर निस्केको बताइएको छ । अनलाइन हिंसा व्यक्त भन्दा अव्यक्त धेरै छन् । प्रहरीमा पुग्ने भन्दा नपुग्ने धेरै छन् । युएन वीमनको प्रतिवेदन अनुसार विश्वमा तीन महिलामध्ये एक जनाले शारीरिक तथा यौनजन्य हिंसा भोगिरहेका छन् । सामाजिक सञ्जालको पहुँचमा रहेका सबैजसो महिला र युवतीले अनलाइन हिंसाको सामना गर्छन् । यसले महिलामाथि हुने हिंसाको स्वरुप र ढाँचा अझ बढ्न सक्ने देखिने बताइएको छ ।

हुन पनि सामाजिक सञ्जालमा अनावश्यक भावना र कुण्ठा यति बेसुर पोखेका भेटिन्छन् कि साथीसङ्गतीकै महिला बालबालिका पनि त्यसमा पर्छन् । आफूमा रहेको यौन उन्माद र कुण्ठा उनीहरुमाथि खन्याएका हुन्छन् । यसबाट वयस्क युवती मात्र होइन, किशोरी र पाका महिलासमेत प्रताडित भएका छन् । प्रताडना व्यक्तभन्दा अव्यक्त धेरै छन् । सक्नेले प्रतिकार गरेका छन् । नसक्ने कतिपय सामाजिक सञ्जालबाटै बाहिरिएका छन् । हिंसाका कारण मानसिक समस्या बढ्ने र आत्महत्या समेत बढेका छन् । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदनमा नेपालमा १५ देखि ४९ वर्ष उमेर समूहका २३ प्रतिशत महिलाले १५ वर्षकै उमेरदेखि शारिरीक हिंसा भोगेको बताएको उल्लेख छ भने छ प्रतिशत महिलाले गर्भावस्थामा हिंसा महसुस गरेका छन् । अनलाइन दुरुपयोग बढिरहे यो सङ्ख्या अझ बढ्ने देखिन्छ ।

कहिल्यै नदेखे नजानेको व्यक्तिले पनि सामाजिक सञ्जालमार्फत साथी बनौं भन्ने र साथी बनीहाल्ने परिपाटीले पनि अनलाइन हिंसा निम्त्याएको छ । यस्तो हिंसा विद्युतीय साक्षरता नभएका महिला, बालबालिका, किशोरी त्यसमा पनि अपांगता भएका, सिमान्तकृत र यौनिक अल्पसङ्ख्यक धेरै पर्छन् । धेरैको अनुभवमा अनलाइन माध्ययमबाट साथी बनेपछि बोलचाल सुरु हुन्छ ।  व्यक्तिगत कुरा गर्छन् ।  मलाई तिमी मन प¥यो । तिम्रो फोटो मन प¥यो । तिम्रो शरीर मन प¥यो । बोली मन प¥यो भनेर हिंसाको सिलसिला सुरु हुन्छ । कालु, काली, सानी, कान्छी जस्ता शब्दको प्रयोग अनि प्रेम प्रस्ताव राखिन्छ । ती महिला एवं बालबालिकाले प्रेषकको झुटो प्रस्ताव विश्वास गर्छन् । अनि मायाको साँच्चै अनुभूति गरेर उनीहरुको प्रस्ताव अनुसारका क्रियाकलाप गर्छन् । यसले मानसिक हिंसादेखि यौन हिंसा हुँदै बेचबिखन तथा ओसारपसारको शिकार बनाएको छ ।

नेपालमा इन्टरनेट र प्रविधि बढ्दै गएको छ । सर्वसाधारण समेत इन्टरनेटको पहुँमा छन् तर तिनलाई प्रयोग गर्ने र सुरक्षित हुने कसरी विद्युतीय साक्षरता छैन । यसले महिला, बालबालिका र किशोरीहरु त्यसमा पनि सिमान्तकृत समुदायका व्यक्ति हिंसाको जोखिममा परिरहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ७३ प्रतिशत परिवारमा स्मार्टफोन पुगेको छ । कुल जनसङ्ख्याको ३७.८ प्रतिशतले इन्टरनेट चलाउँछन् । ल्याबटप वा कम्प्युटर प्रयोग गर्नेको सङ्ख्या १५ प्रतिशत छ । जतिजति विद्युतीय अनलाइन उपकरणको पहँुच पुगेको छ, त्यसअनुसार अनलाइन सुरक्षाका बारेमा सिकाइएको छैन । कसरी अनलाइन प्लेटफर्महरुमा संलग्न हुने, कसरी सुरक्षित रुपमा चलाउने भन्नेबारेमा बहस भएको छैन । यसले महिला, बालिका, किशोरी, अपाङ्गता भएका तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक समुदायलाई अनलाइन हिंसाको शिकार बनाएको हो । सामाजिक सञ्जाललाई असामाजिक बनाएको हो ।

कति बेला लाग्न सक्छ यसले सामाजिक होइन असामाजिक गतिविधि बढाएको छ । प्रयोग नै नगरौं  तर अनलाइन प्रविधिको प्रयोगबिना अबको जीवन सम्भव छैन । विद्यार्थीदेखि व्यवसायी, जागिरे, राजनीतक व्यक्ति सबैका लागि अनलाइन माध्यम अत्यावश्यक भएको छ । यसर्थ, अनलाइनका चुनौतीबाट बच्न आफूलाई प्रविधि र साक्षरमैत्री बनाउनुपर्छ । व्यक्ति व्यक्तिमा चेतना नपुग्दासम्म सामाजिक सञ्जालका माध्ययमबाट हुने अनलाइन हिंसा र दुव्र्यवहार अझ बढ्नेछ । यसर्थ राज्यस्तरबाटै सामाजिक सञ्जालको दुरुपयोग गरी हुने हिंसा रोक्न सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ । अनलाइनमार्फत हुने चरित्र हत्या, गालीगलौजजस्ता गतिविधिले व्यक्तिको मानसिकतामा ठूलो असर पारेको देखिन्छ । बालबालिकाका लागि साइबर सुरक्षाबारे पाठ्यक्रममै समावेश गरेर विद्यालय तहबाटै सिकाउनुपर्छ ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ ले अनलाइनमार्फत अरुलाई मानसिक यातना दिने वा जिस्काउने व्यवहारलाई गलत मानेको छ । कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुबाट महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमयार्दित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैया“सम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । ऐन अन्तर्गत बनेको नियमको उल्लंघन भएमा उल्लङ्घनकर्तालाई पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने उल्लेख छ । कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानीनोक्सानी कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिने समेत व्यवस्था छ । यसर्थ सामाजिक सञ्जाललाई असामाजिक रुपमा प्रयोग गर्ने र अनलाइन हिंसा गर्नेको बेवास्था गर्नु हुँदैन । समस्या समस्या नै हो हिंसा हिंसा नै हो । भयावह नहुँदै समाधानका उपाय खोज्नुपर्छ । सामाजिक सञ्जाललाई असामाजिक बनाउने, साथी, सहकर्मी र सम्बन्धमा यौन वासना खोज्नेलाई रोक्नुपर्छ । रासस

# परिस्थितिअनुसार काम गर्न प्रधानमन्त्रीको निर्देशन



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बदलिएको परिस्थितिअनुसार तयार हुने 'न्यूनतम साझा कार्यक्रम' अनुसार काम गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अर्धवार्षिक समीक्षा बैठकमा प्रधानमन्त्रीले सरकारको न्यूनतम नीति तथा कार्यक्रमअनुसार थप गतिशील भएर काम गर्न निर्देशन दिए । 'बदलिएको परिस्थितिमा आउने नीति तथा कार्यक्रम हाम्रो कार्यालय, यस मातहतका सबै कार्यालय र सिङ्गो कर्मचारीतन्त्रलाई 'गाइड लाइन' हुनेछ' प्रधानमन्त्री प्रचण्डले भने, 'विगतको कार्यक्रमकै वरिपरि हुनेगरी चाँडै कार्यक्रम आउनेछ । सोहीअनुसार काम गर्नुपर्नेछ ।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायको लक्ष्यअनुसारको कार्यसम्पादन प्रगतिसम्बन्धमा मासिकरूपमा छलफल गर्ने, समस्या पहिचान गर्ने र सुधार गर्नेतर्फ विशेष ध्यान दिन जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रिय गौरवका आयोजना नियमित गर्नका लागि नियमित कार्यतालिका बनाएर अगाडि बढ्ने व्यवस्था गर्न निर्देशन दिए । समग्र कर्मचारीतन्त्रका लागि प्रधानमन्त्री कार्यालय उदाहरणका रुपमा प्रस्तुत हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले विद्यमान प्रगति सन्तोषजनक मान्न नसकिने बताए ।'तोकिएको लक्ष्य, तोकिएकै समयमा पूरा गर्न जरुरी छ । त्यसका लागि यस कार्यालयले नेतृत्वदायी भूमिका खेल्नुपर्छ । त्यसका लागि अझ बढी सजग हुन जरुरी छ' प्रधानमन्त्रीले भने, 'यो कार्यालय अनुगमन गर्ने कार्यालय भएकाले सम्बन्धित क्षेत्र हेर्ने सचिव र महाशाखाहरू थप क्रियाशील हुन जरुरी छ ।'

आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तयारीको चरणमा प्रवेश भएको उल्लेख गर्दै प्रधानमन्त्रीले चालू आर्थिक वर्षको कार्यसम्पादनको स्थिति विश्लेषण गरी आगामी वर्षको तयारीमा लाग्न निर्देशन दिए । उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतका कार्यालयले आफ्नो कार्यसम्पादनमा गति दिन र आर्थिक वर्षको अन्त्यमा कम्तीमा ८० प्रतिशतसम्म प्रगति हुनेगरी काम गर्न निर्देशन दिए ।

# 'सबै एकजुट भएर लागौँ, देश बन्छ'



देशको परिस्थिति र समाजको स्थितिका आधारमा सांसदहरु विकास निर्माणमा सहभागी हुने वा नहुने भन्ने निर्धारण गर्छ । चुनावका बेला भोट माग्न जाँदा जनतासँग कबुल गरेका विषय सम्बोधन गर्नैपर्छ । जिल्ला जाँदा मतदाताले धारा छैन, कुलो भत्केको छ, विद्यालय भवन चर्केको छ, खानेपानीको समस्या भो भन्नुहुन्छ । जनताका ती अपेक्षाको सम्बोधनका लागि जनप्रतिनिधिले हरसम्भव प्रयास गरिदिनुपर्छ ।

**निर्मला कोइराला**
**प्रतिनिधिसभा सदस्य**

***सांसद कोइरालाको परिचय :*** *अखिल नेपाल महिला सङ्घ सिन्धुली जिल्ला सदस्यबाट राजनीतिमा प्रवेश गरेकी सांसद कोइराला पर्सा जिल्ला वीरगंज उपमहानगरपालिका–१५ को स्थायी बासिन्दा हुन् । नेकपा एमाले वीरगंज–१५ वडा कमिटी सचिव, नगर कमिटी, जिल्ला कमिटी, राष्ट्रिय परिषद्, आमन्त्रित केन्द्रीय समिति सदस्यको जिम्मेवारी सम्हालेकी नेत्री कोइराला करिब साढे तीन दशकदेखि नेकपा(एमाले)को सक्रिय राजनीतिमा सहभागी छन् । मुलुकमा राजनीतिक परिवर्तन र लोकतन्त्र स्थापनाका लागि भएको आन्दोलनमा उनी केही समय थुनामा समेत रहेकी थिइन् ।*

**रासस**
**काठमाडौँ ।**
चुनावमा कुनै दल विशेषको स्पष्ट बहुमत नआउँदा राजनीति र सरकारले स्थायित्व पाउन सक्दैन भन्ने देखिइसक्यो । सबैलाई थाहा भएकै विषय हो, एउटा दलको बहुमत नभएपछि सरकार फेरिइरहने घटना भइरहन्छन् । यसलाई सहजरूपले हेर्नुपर्छ । वर्तमान सरकार सुरुमा नेकपा (एमाले)लगायतकोसहयोगमा बन्यो त्यसपछि फेरि कांग्रेसको समर्थन भयो । अहिले फेरि एमालेको समर्थन प्राप्त छ ।पहिलोपटक सदनमा प्रवेश गरेकाले सोचेको भन्दा भिन्न महसुस भइरहेको छ ।विधायकको मुख्य जिम्मेवारी र भूमिका कानुन निर्माण भए पनि जनताका आवश्यकता सम्बोधन तथा देशको समृद्धिका विषयमा पनि सोच्ने र ध्यान पुर्याउनपर्ने दायित्व हामीमा छ । मेरो बुझाइमा राज्य र जनताका लागि केही गर्छु भन्नेहरुका लागि संसद् महत्त्वपूर्ण ठाउँ रहेछ । त्यसैले यति महत्त्वपूर्ण ठाउँलाई जनताको पक्षमा भरपुर सदुपयोग गर्नुपर्छ भन्नेमा म दृढ छु । तर संविधानप्रदत्त सेवासुविधा जनतालाई सहज र सुलभरूपमा उपलब्ध गराउनुपर्नेमा त्यसमा कमीकमजोरी भयो भन्ने लाग्छ । कानुन निर्माणलाई हामीले तीव्रता दिन सक्नुपर्छ । सुरुआती दिनमा राजनीतिक तालमेल, सरकार र समिति गठनमै धेरै समय खर्चनु परेकाले कानुन निर्माणमा आशातित प्रगति हुन सकेन ।

विधायकहरू पार्टीका काम विशेषबाहेक सदन र संसदीय समितिका बैठकमा निरन्तर उपस्थित हुनुपर्छ । तर सांसदको पनि भूगोल, जिल्ला, निर्वाचन क्षेत्र हुने भएकाले कहिलेकाहीँ जिल्ला जानुपर्ने बाध्यताले बैठकमा उपस्थित हुन नसकेको अवस्थालाई अन्य ढङ्गबाट बुझिदिन हुन्न । सबै 'माननीय'लाई एउटै आँखाबाट हेर्न हुन्न । तथापि जनताले विकास निर्माणका विषयमा सङ्घीय सांसदसँग निकै ठूलो आशा र अपेक्षा राखेका हुन्छन् ।

देशको परिस्थिति र समाजको स्थितिका आधारमा सांसदहरु विकास निर्माणमा सहभागी हुने वा नहुने भन्ने निर्धारण गर्छ । चुनावका बेला भोट माग्न जाँदा जनतासँग कबुल गरेका विषय सम्बोधन गर्नैपर्छ । जिल्ला जाँदा मतदाताले धारा छैन, कुलो भत्केको छ, विद्यालय भवन चर्केको छ, खानेपानी समस्या भो भन्नुहुन्छ । जनताका ती अपेक्षाको सम्बोधनका लागि जनप्रतिनिधिले हरसम्भव प्रयास गरिदिनुपर्छ । राजनीतिक दलहरूले पनि सांसदले विकास निर्माणका काम गर्ने होइन, कानुन निर्माणमा केन्द्रित हुनुपर्छ भनेर जनतालाई बुझाउन सकेका छैनन् ।

मैले प्रतिनिधित्व गर्ने पर्साका जनताको मुख्य माग सडक कालोपत्र, नाला व्यवस्थापन, खानेपानी आपूर्ति, विद्यालय भवन पुनःनिर्माण इत्यादि छन् । यी देशैभरको प्राथमिकतामा पर्ने विषय हुन् । हामीले जनतालाई सांसद भनेको विकास ल्याउने हो भनेर सिकाइदिएका छौँ, त्यो बुझाइ भएपछि जनताले माग तेर्स्याउनु अस्वाभाविक होइन । जनता कानुनभन्दा विकासका योजनाकै कुरा बढी गर्नुहुन्छ ।

सदनमा महिला भएकै कारण बोल्ने र विषयवस्तु राख्ने सवालमा नेकपा एमालेले अवसरबाट बञ्चित गराएको छैन । बरु धारणा राख्न प्रोत्साहन नै गरेको अनुभूति मलाई भएको छ । मु◌ुलुकमा राजनीतिक परिवर्तनका बखत होस् वा सरकार फेरबदलका क्रममा भ्रष्टाचार अन्त्य र सुशासन प्रवर्द्धनको विषयलाई राजनीतिक दलले मुल एजेण्डा बनाएका छन् । हामी पनि यो विषयमा अलमलमा परेका छौँ । किन यस्तो भयो, कसरी भयो भन्ने लाग्छ ।प्रमुख कारण भनेको स्थायी सरकार नभएर नै हुनुपर्छ । कर्मचारीदेखि राजनीतिक नेतृत्वसम्म भ्रष्टाचार फैलिएको छ भन्ने जनताको बुझाइ छ । सबै विषय जनताले भनेजस्तो नभए पनि कतिपय अवस्थामा यो प्रमाणित भएको छ । भ्रष्टाचार अन्त्यका लागि सबै राजनीतिक दल र सरकार एक ठाउँमा हुनुपर्छ । प्रतिबद्धता गर्नुपर्छ । प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन हुनुपर्छ । त्यो भएमा भ्रष्टाचार न्यूनीकरण हुन्छ भन्नेमा आशा गर्न सकिन्छ ।

भ्रष्टाचार बढाउन हाल अभ्यासमा रहेको निर्वाचन प्रणाली पनि केही हदसम्म दोषी छ । निर्वाचनमा यति पैसा खर्च गर्नुपर्छ भनी कहीँकतै लेखिएको छैन । हामी राजनीतिक दल र उम्मेदवारबाटै चुनावलाई धुमिल्याउने र धेरै खर्च गर्ने काम गरिरहेका छौँ । यसमा सुधार गरिनुपर्छ । हामीले राजनीतिक परिवर्तन गरे पनि समाज परिवर्तन गर्न सकेका छैनौँ । समाजलाई आर्थिकरूपले सम्पन्न गर्न सकिएको छैन । राजनीतिक दल र नेतृत्वप्रति जनताले ठूलो अपेक्षा राखेका थिए । परिवर्तनको उपलब्धिको महसुस जनतालाई दिन सकिएन ।

नेपाली समाजमा पनि आशाभन्दा निराशाको लहर ठूलो छ । नेतृत्वबाट पनि निराशाकै कुरा बढी सुनिन्छ । जनतालाई हाम्रो देश हामी आफैँ बनाउनुपर्छ, बनाउन सकिन्छ भन्ने आशा र ढाडस दिलाउने सन्देश दिनुपर्छ । राजनीतिक परिवर्तन भइसकेकाले अब हाम्रो मिसन समाज परिवर्तनका लागि हुनुपर्छ । समाजमा भएका अन्याय, विभेद, धनी र गरिबबीचको खाडल अन्त्यमा केन्द्रित हुनुपर्छ । त्यसका लागि केही समय लाग्न सक्छ, प्रयास जारी राख्नुपर्छ । प्राकृतिक हिसाबले हामी निकै धनी देश हौँ ।

निराशा छर्ने होइन, आशाको सन्देश प्रवाह गरेर देश बनाउनुपर्छ । त्यसका लागि दल, नेता र जनता एकाकार हुनुपर्छ । हरेक क्षेत्रमा देखिएका निराशा अन्त्य गर्नुपर्छ । मिडियाको प्रयोग पनि सकारात्मक कामका लागि हुनुपर्छ । युवा विद्यार्थीलाई आशा जगाएर विदेश पलायनबाट रोक्नपर्छ । म ढुक्क भएर भन्छु हाम्रो देश बन्छ । हामी बनाउँछौँ । अरुले बनाइदिने होइन, आफैँले बनाउनुपर्छ । प्राकृतिकरूपले बनिबनाउ नेपालाई समृद्धि प्रदान गर्न हामीले केही मेहनत गर्नुपर्छ । हामी आ–आफ्नो ठाउँबाट लागौँ । ढुक्क हुनुस् देश बन्छ ।

# आदेशले होइन प्रमाणले प्रतिवादी बनाउनुस्ः गृहमन्त्री



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले हरेक नागरिकले सुरक्षाको अनुभूति हुने गरी सेवा प्रवाह गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । उनले अनुहार, पद, प्रतिष्ठा हेरेर नभइ प्रमाणका आधारमा निष्पक्ष भएर अनुसन्धान तथा कारबाही अघि बढाउन पनि प्रहरीलाई आग्रह गरे । नेपाल प्रहरी प्रधान कार्यालयको आइतबार निरीक्षण भ्रमणपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री लामिछानेले कुनै घटनाका प्रतिवादी आदेशका आधारमा नभइ प्रमाणका आधारमा बनाउन पनि निर्देशन दिए ।

गृहमन्त्री लामिछानेले भने, 'कुनै पनि घटना तथा अपराधको छानबिन र अनुसन्धान हुँदै गर्दाको प्रतिवादी हुने वा नहुने निर्धारण आदेशले होइन प्रमाणले गर्नुस्, अनुसन्धान प्रमाणमुखी हुनुपर्दछ र कानुनको नजरमा सबै बराबर हुनुपर्दछ ।' उनले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्प गुच्छा अर्पण गरे । निरीक्षण भ्रमणका क्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालय तथा कार्यालयस्थित सङ्ग्रहालयको निरीक्षण गर्नुका साथै त्यससम्बन्धी गतिविधिबारे जानकारी लिए ।

उनले सङ्गठन निर्माण र उच्च छवि बनाउन योगदान दिने सम्पूर्ण पूर्वप्रहरी अधिकृतहरू र बहालवाला प्रहरी अधिकृत तथा जवानहरूप्रति सम्मान समेत प्रकट गरे । कर्मचारीहरूले आफूलाई सुम्पिएको जिम्मेवारी कानुनी परिधिमा रही निर्वाह गर्नुपर्ने तथा उनीहरूको वृत्तिविकासको सुनिश्चितता सङ्गठनले गर्नुपर्ने बताउँदै गृहमन्त्री लामिछानेले कर्मचारीको सरुवा, बढुवा तथा वृत्ति विकासका लागि आवश्यक नीति र योजना बनाएर ल्याउन आग्रह गरे । गृहमन्त्री लामिछानेले वैज्ञानिक प्रविधिको प्रयोगबाट हुने अपराधको अनुसन्धानमा प्रविधिको प्रयोग सँगसँगै लिएर वैज्ञानिक उपकरणहरू र दक्षजनशक्तिको विकास आवश्यक रहेको उल्लेख गरे । पीडित महिला तथा बालबालिका, वृद्धवृद्धा, असहाय, गरिब, अपाङ्गता भएकाहरुको न्यायका लागि अझ बढी सजग र सचेत भई विशेष प्राथमिकताका साथ सम्बोधन गर्न उनले निर्देशन दिए ।

मिटरब्याजपीडित, सहकारीपीडितको समस्या ठूलो चुनौतीको रूपमा रहेको उल्लेख गर्दै उनले आर्थिक अपराध, ठगी, साइबर अपराध, लागुऔषध कारोबारलगायतका आपराधिक गतिविधि नियन्त्रणमा जुट्न पनि आग्रह गरे । समारोहमा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले गृहमन्त्रीबाट भएको निर्देशन कार्यान्वयनका लागि सङ्गठन पूर्ण प्रतिबद्ध रहेको बताए ।

# सुशासन भए मात्र लोकतन्त्रको लक्ष्य पूरा हुन्छः राष्ट्रपति

**रासस**
**धुलिखेल ।**
राष्ट्रपति रामचन्द्र पौडेलले जनचाहनाअनुरुप सुशासन, सेवा र सुविधा सरल, सहज एवं प्रभावकारी तवरले दिन सकिएमा मात्र संविधान र लोकतन्त्रले परिकल्पना गरेको लक्ष्य पूरा हुने बताएका छन् ।मण्डनदेउपुर नगरपालिकाको सातौँ स्थापना दिवस तथा नवनिर्मित प्रशासकीय भवनको आइतबार उद्घाटन गर्दै उनले संविधानको भावना तथा सङ्घीयताको मर्मअनुरुप हुनेगरी राज्यबाट प्रवाह हुने सेवा तथा विकास निर्माणसम्बन्धी कामलाई नतिजामुखी र नागरिकले अनुभूत गर्न सक्नेगरी सम्पादन गर्न र सुशासन प्रत्याभूत गर्न स्थानीय निकाय दत्तचित्त हुनुपर्नेमा जोड दिए । उनले विकास, पूर्वाधार, कृषि, शिक्षा, सडक, खानेपानी, बिजुलीसहित जनताका आधारभूत आवश्यकता पूरा गर्नुपर्ने बताए ।

'कृषि, पर्यटन र ऊर्जा नै हाम्रो मुलुकको विकासको आधार हो, त्यसका लागि श्रमको सम्मान गर्ने संस्कृतिको विकास आवश्यक छ', राष्ट्रपति पौडेलले भने, 'स्थानीयस्तरमा गुणस्तरीय, प्रविधिमा आधारित प्रतिस्पर्धी र प्राविधिक शिक्षा दिएर उत्पादन र रोजगारी बढाउने काम गर्न सकिएमात्र राजनीतिक परिवर्तनपछि मुलुकले अपेक्षा गरेको आर्थिक क्रान्तिको सपना साकार हुन्छ, हाम्रो संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रले अपेक्षा गरेको गरिब, सिमान्तकृत, पिछडिएको वर्गको आर्थिक उन्नतिको अवसरको ढोका खुल्दछ ।' उनले त्यसतर्फ तीनै तहको सरकारको समन्वयकारी भूमिका अपेक्षित भए पनि स्थानीय सरकारको विशेष भूमिका र जिम्मेवारी हुने विश्वास व्यक्त गरे ।

उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा स्वीजरल्याण्डको जस्तो 'स्वशासन' र गान्धीले कल्पना गरेजस्तो 'स्वराज' को सोच अगाडि राखेर नयाँ राज्य संरचना तर्जुमा गरेको बताए । 'आज ती सोचहरूले कति साकार रूप लिन गइरहेका छन् र लिनसक्ने हुन् भन्ने कुरा अधिकार प्रत्यायोजनका क्रममा केन्द्रीय सरकारको उदारता एवं लचकता र स्थानीय सरकारको ग्रहणशीलता तथा क्षमतामा बढी निर्भर रहन्छ भनेर म सबैलाई सुझाउन चाहन्छु' उनले भने ।

राज्यको पुनःसंरचनाका क्रममा स्थानीय तहको गठन भई सङ्घीयता कार्यान्वयन भएको यो◌े अवधिसम्म पनि देशका कतिपय स्थानीय तहमा भौतिक पूर्वाधार तयार हुन नसकेका बेला यस नगरपालिकाले आवश्यक जग्गाको व्यवस्थापन गरी जनतालाई दिने सेवासुविधालाई सहज एवं प्रभावकारी बनाउन आवश्यक सुविधा सम्पन्न प्रशासकीय भवन बनाएकामा उनले नगरपालिकाको सराहना गरे ।

'उर्वर कृषिभूमि, हरिया फाँट र मनोरम हिमाली सुन्दर दृश्य देखिने यो नगरपालिकाले कृषि र पर्यटन क्षेत्रबाट मनग्य लाभ लिनसक्ने सम्भावना छ, यस नगरपालिका 'देउपुर र मण्डन, कृषि र पर्यटन' को अवधारणा लिएर दीर्घकालीन लक्ष्यसहित अघि बढेकामा मलाई खुसी लागेको छ, यसैबाट नगर र नगरवासीको आर्थिक विकासको ढोका खोल्नेछ भन्ने मैले विश्वास लिएको छु' राष्ट्रपति पौडेलले भने ।

मुलुक सङ्घीयतामा रुपान्तरण भएपछि केन्द्रमा रहेका राजनीतिक, आर्थिक तथा न्यायिक अधिकार जनताको घरदैलो नजिक स्थानीय तहसम्म पु¥याइएका सन्दर्भमा बृहत्तर सेवा प्रवाह गर्न भौतिक पूर्वाधारको विकास अपरिहार्य रहेको उनको भनाइ थियो । यस नगरपालिकाले शैक्षिक गुणस्तर सुधार कार्यक्रम, स्मार्ट कक्षा सञ्चालन, सबै विद्यालयमा आफ्नै इन्टरनेट सेवा पु¥याइ शिक्षा क्षेत्रमा गरेको प्रगति प्रशंसनीय रहेको उनले बताए । मिलेको भूगोल, लेकबेंसीसम्मको हावापानी, राजधानीबाट नजिक, छिमेकी देश चीनसँगको तातोपानी नाकाबाट नजिकको दूरीमा रहेकाले औद्योगिक उत्पादन, कृषि र पर्यटन प्रवद्र्धनमार्फत आर्थिक समृद्धिको यात्रा तय गर्नसक्ने प्रचुर अवसरलाई यस नगरपालिकाले उपयोग गर्ने उनले विश्वास व्यक्त गरे । भवन उद्घाटनपछि राष्ट्रपति पौडेलले नवनिर्मित भवनको अवलोकन गरेका थिए ।

# सात महिनामा ८ खर्ब ३९ अर्ब विप्रेषण




**रासस**
**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह, चालु खाता, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकहरु सकारात्मक देखिएका छन् । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह २१ दशमलव छ प्रतिशतले वृद्धि भई आठ खर्ब ३९ अर्ब रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २७ दशमलव एक प्रतिशतले बढेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९ दशमलव एक प्रतिशतले वृद्धि भई अमेरिकी डलर छ अर्ब ३१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १६ दशमलव चार प्रतिशतले बढेको थियो । माघ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या दुई लाख ४७ हजार १२ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ५८ हजार पाँच सय ४० रहेको छ ।

चालु आर्थिक वर्षको सुरुवाती सात महिनामा खुद ट्रान्सफर २० प्रतिशतले वृद्धि भई नौ खर्ब १० अर्ब ७४ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २५ दशमलव दुई प्रतिशतले बढेको थियो । यो अवधिसम्ममा पुँजीगत ट्रान्सफर २९ प्रतिशतले कमी आई तीन अर्ब ८० करोड रुपैयाँ कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु पाँच अर्ब १८ करोड रुपैयाँले धनात्मक रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ३५ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी एक अर्ब चार करोड रुपैयाँले धनात्मक रहेको थियो ।

चालु खाता एवम् शोधनान्तर स्थिति पनि सकारात्मक देखिएका छन् । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा चालु खाता एक खर्ब ६१ अर्ब ६९ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता ४० अर्ब १६ करोड रुपैयाँले घाटामा रहेको थियो । अहिले शोधनान्तर स्थिति दुई खर्ब ९७ अर्ब ७२ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब २८ अर्ब ५५ करोड रुपैयाँले बचतमा रहेको थियो ।

गत असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पछिल्लो सात महिना अवधिमा १९ दशमलव ९ प्रतिशतले वृद्धि भई गत माघ मसान्तमा १८ खर्ब ४४ अर्ब ९४ करोड रुपैयाँ पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तसम्ममा १३ खर्ब ४५ अर्ब ७८ करोड रुपैयाँ रहेकोमा गत माघ मसान्तसम्म पुग्दा २० दशमलव सात प्रतिशतले वृद्धि भई १६ खर्ब २३ अर्ब ९२ करोड रुपैयाँ पुगेको छ । अहिले बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति दुई खर्ब २१ अर्ब दुई करोड रुपैयाँ रहेको छ । गत माघ मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव छ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।चालु आर्थिक वर्षको सुरुवाती सात महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव सात महिनाको वस्तु आयात र १२ दशमलव तीन ३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । माघ मसान्तसम्ममा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३४ दशमलव तीन, १०२ दशमलव चार र २८ प्रतिशत रहेका छन् ।

# आर्थिक सूचक सकारात्मक




**रासस**
**काठमाडौँ ।**
केन्द्रीय बैंकलेसार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्कमा आधारित ‘मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति’ प्रतिवेदन अनुसार अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक देखिएका छन् ।नेपाल राष्ट्र बैंकका अनुसार फागुन मसान्तसम्ममा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति पाँच दशमलव ०१ प्रतिशत रहेको छ । सरकारले चालु आवका लागि मुद्रास्फीति छ दशमलन पाँच प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको छ । सात महिना अवधिमा आयात दुई दशमलव तीन, निर्यात सात दशमलव एक र कुल वस्तु व्यापार घाटा एक दशमलव आठ प्रतिशतले घटेको छ । यो अवधिमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २१ दशमलव छ प्रतिशतले र अमेरिकी डलरमा १९ दशमलव एक प्रतिशतले बढेको छ । त्यसैगरी, शोधनान्तर स्थिति दुई खर्ब ९७ अर्ब ७२ करोड रुपैयाँले बचतमा रहेको छ ।

कूल विदेशी विनिमय सञ्चिति १८ खर्ब ४४ अर्ब ९४ करोड रुपैयाँ र अमेरिकी डलरमा १३ अर्ब ८९ करोड रहेको छ । सात महिना अवधिको सरकारको खर्च छ खर्ब ८६ अर्ब ७५ करोड रुपैयाँ र राजस्व परिचालन पाँच खर्ब ६७ अर्ब ४० करोड रुपैयाँ रहेको छ । यो अवधिमा विस्तृत मुद्राप्रदाय सात प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३ दशमलव सात प्रतिशतले बढेको छ । फागुन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन सात प्रतिशतले बढेको छ । त्यस्तै, निजी क्षेत्रमा प्रवाहित कर्जा चार दशमलव एक प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४ दशमलव चार प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलव सात प्रतिशत रहेको छ ।

# नेप्से परिसूचकमा वृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ । आइतबार नेप्से परिसूचक २२ दशमलव १० अङ्कले बढेर दुई हजार ५२ दशमलव ६५ को बिन्दुमा कायम भएको हो ।

आइतबार तीन सय चार कम्पनीका ७० लाख ४३ हजार चार सय ५७ कित्ता शेयर ५६ हजार सात सय २६ पटक खरिदबिक्री हुँदा दुई अर्ब ९२ करोड २७ लाख ७१ हजार पाँच सय ५८ रुपैयाँ बराबरको कारोबार भएको छ ।

जलविद्युत् समूहको उपसूचक शून्य दशमलव १२ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लघुवित्त समूहको उपसूचक चार दशमलव २१ र जीवन बीमा समूहको उपसूचक एक दशमलव ८४ प्रतिशतले बढेको छ ।

बैकिङ समूह शून्य दशमलव ७४, विकास बैंक एक दशमलव ०८, वित्त समूह एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव १२ र लगानी समूह एक दशमलव २६ प्रतिशतले बढेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९१, म्युचुअल फण्ड एक दशमलव ०१, निर्जीवन बीमा एक दशमलव ३४, व्यापार शून्य दशमलव ६५ र अन्य समूह शून्य दशमलव २८ प्रतिशतले बढेको छ ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेको छ ।कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको २२ करोड ९३ लाख २५ हजार छ सय ४३ रुपैयाँ बराबरको चार लाख ३० हजार एक सय ३१ कित्ता शेयर किनबेच भएको छ ।

# लगानी सम्मेलनमा सहभागी हुन अर्थमन्त्रीको अपिल

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले आगामी वैशाखमा आयोजना हुन लागेको तेस्रो लगानी सम्मेलनमा सहभागिता जनाउन अमेरिकी लगानीकर्तालाई आग्रह गरेका छन् ।

नेपालका लागि अमेरिकी राजदूत डिन थम्प्सनसँग आइतबार अर्थमन्त्रालयमा भेटवार्ता गर्नुहुँदै अर्थमन्त्री पुनले अमेरिकाबाट बढीभन्दा बढी लगानीकर्ता आउने वातावरण बनाइदिन आग्रह गरेका हुन् ।

नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण रहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले लगानीकर्ताका लागि आवश्यक कानुनी तथा व्यावहारिक सहजीकरणका लागि सरकार तत्पर रहेको बताए । ‘अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल ‘भर्जिनल्याण्ड’ हो”, पुनले भने, ‘तपाईंमार्फत लगानी सम्मेलनमा अमेरिकी लगानीकर्ताको सहभागिता बढीभन्दा बढी होओस् भन्ने आग्रह गर्न चाहन्छु ।’ पुनले नेपालमा लगानीका लागि कृषि, उद्योग तथा सूचना प्रविधि क्षेत्रमा राम्रो सम्भावनाको क्षेत्र भएको बताए ।

लगानी सम्मेलन पूर्वनिर्धारित समयमै हुने बताउँदै सरकारले त्यसको तयारीका लागि तीव्रता दिइरहेको पनि उनले उल्लेख गरे ।

राजदूत थम्प्सनले लगानी सम्मेलनमा अमेरिकी लगानीकर्ता आउन इच्छुक रहेको जानकारी दिए । उनले अमेरिकी लगानीकर्ता नेपालमा आउने वातावरण बनाउन नेपालस्थित अमेरिकी दूतावासले सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाए । अर्को प्रसङ्गमा राजदूत थम्प्सनले सङ्क्रमणालीन न्यायसम्बन्धी विधेयक चाँडै टुङ्गो लाग्ने र त्यसलगत्तै शान्ति प्रक्रियाको कामले तीव्रता पाउनेमा विश्वास व्यक्त गरे ।

‘सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक चाँडै टुङ्गिने र शान्ति प्रक्रियाका बाँकी काम सकिनेमा अमेरिका आशावादी छ’, राजदूत थम्प्सनले भने, ‘त्यसमा सहयोग गर्न अमेरिकी सरकार तयार छ ।’ थम्प्सनले शान्ति प्रक्रिया टुङ्गोमा पु¥याउन आवश्यक आर्थिक सहयोगका लागि अमेरिका तयार रहेको र विश्वका अरु धेरै देश पनि सहयोगका लागि तत्पर रहेको पाएको उल्लेख गरे । भेटमा उनले अमेरिकाले गर्दै आएको विकास सहयोग जारी रहने प्रतिबद्धता जनाए । आइतबारको भेटवार्ताका क्रममा राजदूत थम्प्सनले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को अनुदानअन्तर्गत नेपालमा कार्यान्वयन भइरहेको परियोजना समयमै सक्रे गरी काम अघि बढोस् भन्नेमा पनि चासो राखेका छन् । त्यसको जवाफमा मन्त्री पुनले अमेरिकाले नेपालको समग्र विकासमा सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धताका लागि थम्प्सनलाई धन्यवाद ज्ञापन गरे । एमसिसीअन्तर्गतका परियोजनाको काम सुरु भइसकेको भन्दै समयमै सम्पन्न गर्न नेपाल सरकार प्रतिबद्ध रहेको पनि मन्त्री पुनले बताए ।

# भारतको शीर्ष निर्वाचन अधिकारीद्वारा राजीनामा



**एएफपी**
**नयाँदिल्ली ।**
आम निर्वाचनको अपेक्षित घोषणा हुनुभन्दा केही दिनअघि भारतको निर्वाचन आयोगका दोस्रो उच्च श्रेणीका अधिकारीले राजीनामा दिएको न्याय मन्त्रालयले जनाएको छ । निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालको खोजी गर्नेछन् । मानव इतिहासमा लोकतान्त्रिक मताधिकारको सबैभन्दा ठूलो अभ्यास गर्नका लागि भारतको निर्वाचन आयोगलाई आफ्ना तीन शीर्ष अधिकारीमध्ये एकजनालाई मात्र छाडेर अरुण गोयलले शनिबार राजीनामा दिएका छन् । अप्रिल–मेमा हुने निर्वाचनमा करिब एक अर्ब मानिस मतदान गर्न योग्य छन् । भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले गोयलको राजीनामा स्वीकृत गरेको कानून तथा न्याय मन्त्रालयले जनाएको छ । यद्यपि मन्त्रालयले उहाँले राजीनामा गरेको कारण भने बताएको छैन ।

एनडिटिभी समाचार नेटवर्कले स्रोतलाई उद्धृत गर्दै गोयलले ‘व्यक्तिगत कारण’ देखाई राजीनामा दिएको उल्लेख गरेको छ ।

निर्वाचन आयोगमा अर्का अधिकारी गत वर्ष सेवानिवृत्त भए पनि उक्त पदमा हालसम्म कसैलाई नियुक्त गरिएको छैन । स्थानीय सञ्चारमाध्यमले धेरै चरणमा हुने निर्वाचनको मितिको घोषणा आगामी साता गरिने सम्भावना रहेको बताएका छन् ।

प्रमुख विपक्षी दल कांग्रेसका महासचिव के.सी. वेणुगोपालले गोयलको राजीनामा चिन्ताको विषय भएको बताए । ‘निर्वाचन आयुक्त श्री अरुण गोयलले लोकसभा (संसदीय) निर्वाचनको ठिकअघि राजीनामा दिनु विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको स्वास्थ्यका लागि अत्यन्त चिन्ताजनक हो’, उनले भने, ‘निर्वाचन आयोगजस्तो संवैधानिक संस्थाले कसरी काम गरिरहेको छ र सरकारले कसरी उक्त संस्थामाथि दबाब दिएको छ भन्नेबारेमा कुनै पनि पारदर्शिता छैन ।’

धेरै जनमत सर्वेक्षणले आम निर्वाचनमा मोदी र उहाँको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) ले सजिलै जित हासिल गर्ने सङ्केत गरेका छन् । गत वर्ष एक प्यु सर्वेक्षणमा करिब ८० प्रतिशत भारतीयले मोदीलाई सकारात्मकरूपमा हेरेको पाइएको थियो । युगभले फेब्रुअरीमा सहरी मतदाताहरूमा गरेको सर्वेक्षणमा भाजपाले हरेक उमेर र लिङ्ग जनसाख्यिकीमा धेरै विपक्षी पार्टीमाथि सजिलै अगाडि बढिरहेको देखाएको थियो ।

# बंगलादेशले जित्यो साफ च्याम्पियनशिपको उपाधि

**मधेशदृष्टि**
**काठमाडौँ ।**
बङ्गलादेशले भारतलाई ‘पेनाल्टी सुटआउट’मा पराजित गर्दै दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु–१६ महिला च्याम्पियनशिपको उपाधि जितेको छ । सातदोबाटोस्थित एन्फा कप्लेक्समा आइतबार भएको फाइनल खेलमा बङ्गलादेशले पेनाल्टी सुटआउटमा ३–२ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको हो । खेलको निर्धारित समयसम्म दुवै टोलीबाट १–१ गोल बराबरीमा खेलेपछि खेल पेनाल्टी सुटआउट गएको हो ।



पेनाल्टीमा बङ्गलादेशका लागि मारियम बिन्ता हन्ना, थुनी मर्मा र साथी मुन्डाले गोल गरे । त्यसैगरी, सौभरभी अखण्ड प्रीति र अल्पी अख्तर भने गोल गर्नबाट चुके । भारतका लागि स्वेता रानी र अन्विता रघुरमानले गोल गर्दा एलिनादेवी सारङ्गथेम, बोनिफिलिया शुल्लई र दिव्यारानी लिन्डाले गोल गर्न सकेनन् ।

त्यसअघि, खेलको चौथो मिनेटमै अनुष्का कुमारीको गोलमार्फत भारतले अग्रता लिएको थियो । खेलको ७१औँ मिनेटमा बङ्गलादेशकी मरियम बिन्ता हन्नाले एक गोल फर्काउँदै खेललाई एक–एक गोलको बराबरीमा ल्याएकी थिइन् । सङ्घर्षपूर्ण खेलमा गोल हुन सकेन र खेलको निर्णय पेनाल्टी सुटआउटमा गएको थियो । प्रतियोगितामा नेपालसहित, भारत, बङ्गलादेश र भूटानको सहभागिता थियो ।

# कृषिबाटै करोडपति



**रासस**
**सुनसरी ।**
कृषि क्षेत्रमा 'सम्भावना नभएको' भन्दै खेतबारी बाँझै राखेर विदेश पलायन हुने युवापुस्ताको सङ्ख्या ठूलो छ । देशमै पनि गाउँको उर्वर खेतबारी चट्टै छाडेर सहरतिर मजदुरी गर्नेहरु उत्तिकै छन् । धरानको वसन्तटारका कृष्ण राईले भने कृषि पेसामै ठूलो सम्भावना रहेको देख्छन् । कृषिबाटै नाम र दाम कमाएका उनी भन्छन्, 'अल्छी गर्नेलाई कतै सम्भावना छैन, जाँगर हुनेलाई कृषिमा सम्भावनै सम्भावना छ', सोताङ अग्र्यानिक कृषि फर्म खोलेर तरकारी र फलफूलको खेतीसँगै कुखुरा, बाख्रा, बङ्गुरदेखि गाईसम्म पालन गरेका राईले यसैबाट बार्षिक करोडौंको कारोबार गर्दै आएका छन् । कृषिबाटै उनले करोडौँको जग्गा जमिन जोड्नु भएको छ, भव्य घर बनाएका छन् । कृषिबाट उनी आफुले मात्र कमाएका छैनन्, अरुलाई पनि रोजगारी दिएका छन् । कृषिकर्मबाटै उनले धरानमा अढाई बिघा जग्गा जोड्ेका छन भने बराह क्षेत्रमा करिब १५ विघा किनिसकेका छन् । ती जग्गामा कतै विभिन्न तरकारी र फलफूल लगाएका छन् भने कतै ठूलो मात्रामा सयौं प्रजातिका फूलको नर्सरी बनाएका छन् । उनको गोठमा ५५ वटा गाई छन् । ती गाईबाट उत्पादन भएको दूध धरान बजारमा दैनिक पाँच सय लिटर बिक्री गर्छन् । त्यस्तै उनको खोरमा अहिले १० वटा बङ्गुरका माउ छन् । तिनबाट उत्पादन भएका बच्चा बेच्नुहुन्छ भने मासुका लागि पालिएका बङ्गुर पनि बेच्छन् । उनले कुखुरा, हाँसलगायतका पंक्षीहरु पनि पालेका छन् । घरै उनले माटो बिना साग फलाउन सकिने हाइड्रोफोनिक प्रविधिबाट सागको खेती गरेका छन्् भने त्यससँगै माछा पनि पालेका छन् । उनको सोताङ अग्र्यानिक कृषि फर्ममा राईका बुवा, आमा, श्रीमती र छोराले पनि सहयोग गर्छन् । त्यसबाहेक उनले १६ जनालाई रोजगारीसमेत दिएका छन् । हालसम्म कृषि क्षेत्रमा उनको लगानी नै करोडौँ पुगिसकेको छ । उनले धरान–७ शान्तिपथमा तरकारी तथा फलफूल बिक्री गर्न पसल पनि सञ्चालन गरिरहेका छन् । त्यसबाहेक घरमै किन्न आउनेहरु पनि उत्तिकै हुन्छन् । तरकारी, फलफूल तथा पशुपालनबाट मासिक १२ लाख रुपैयाँको हाराहारीमा कमाई भइरहेको उनी बताउँछन् ।

**पचपन्न रुपैयाँबाट सुरु**

अहिले करोडौँको लगानी पुगेको राईको कृषि फर्मको सुरुआत भने जम्मा ५५ रुपैयाँ लगानीबाट भएको थियो । उनी भन्छन्, 'सुरुमा ५५ रुपैयाँ लगानी गरेर कृषि क्षेत्रमा लागेको थिएँ, त्यहि फैलिँदै अहिले करोडौंको भएको हो ।' सामान्य आर्थिक अवस्थाको कृष्णको परिवारसँग पहिला जम्मा छ कट्ठा जग्गा मात्र थियो । त्यसैमा बावुले परम्परागत कृषि कर्म गर्दै आएका थिए । खासै राम्रो उब्जनी हुँदैनथ्यो । त्यसबाट जीवन धान्न नै मुस्किल पर्ने अवस्था थियो । करिब २६ वर्षअघि कृष्णले स्कुलबाट फर्किने क्रममा बाटोमा एक जना मान्छेले काँक्राको बीउ किनिरहेको देखे । त्यसपछि बीउ बेच्नेसँग सोधखोज गर्दा राम्रो फल्ने काँक्राको बीउ हो भन्ने जानकारी पाए । 'त्यसपछि मैले पनि १० रुपैयाँमा १८ वटा काँक्राको बीउ किनेर ल्याएँ', उनी सम्झिन्छन्, 'त्यो बीउलाई मलजल गर्दा जम्मा लगानी ५५ रुपैयाँ पुगेको थियो । त्यसबाट फलेका काँक्रा बिक्री गर्दा पाँच सय ५० रुपैयाँ कमाएँ । त्यहींबाट कृषिमा सम्भावना रहेछ भन्ने बुझेर लागि परेको हुँ ।' कृषिलाई परम्परागतबाट आधुनिक तरिकाले अघि बढाउने सोंच भएपनि तालिमको अवसर थिएन । उनका लागि त्यसबेला रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रशारण हुने कृषि कार्यक्रम नै तालिम बने । ती कार्यक्रम नियमित सुन्ने र हेर्ने गर्न थाले । पत्रपत्रिकामा कृषिका समाचार देख्ने बित्तिकै पढ्न थाले । उनी भन्छन्, 'कसैले खेतीपातीका विषयमा कुरा गरेको सुनें भने ध्यान दिएर सुन्थे, कतै पत्रपत्रिकामा कृषिकाबारे लेखिएको भेटे, घरमा ल्याएर मज्जाले पढ्थें । मेरा गुरुहरु तिनै थिए ।' खेती र पशुपालन गर्दा समस्या नआउने कुरै भएन, उनले पनि धेरै रोग र विभिन्न समस्या भोग्नुभयो तर समस्यासँग कहिल्यै हार मानेनन् । यसरी सिक्दै अघि बढाएको कृषि कर्म अहिले उनी अरुलाई पनि सिकाउँछन् । उनले केही वर्षअघि बसन्तटारमा ८५ लाख रुपैयाँ लगानी गरेर आधुनिक कृषि तालिम केन्द्रका लागि भवन निर्माण गरेका छन् । कृषिसम्बन्धी विभिन्न तालिम यसैमा सञ्चालन गर्छन् । उनको कृषि फर्ममा अध्ययन भ्रमणमा टाढादेखिका कृषकहरु पनि आउने गरेका छन् । उनी भन्छन्, 'अहिले खेतीपाती र पशुपालन गर्ने तरिका मात्र होइन, आफ्ना उत्पादनलाई कसरी बजारीकरण गर्ने भन्ने विषयमा प्रशिक्षण पनि दिँदै आएको छु ।'

**अर्गानिक गाउँ**

धरान उपमहानगरपालिका–४ मा पर्ने बसन्तटार गाउँ अर्गानिक खेतीका लागि चर्चित छ । यो गाउँमा कृषिलाई व्यवसायीकरण गर्नमा कृष्णकै ठूलो योगदान छ । उनकै प्रेरणाले गाउँभर अहिले कृषि फर्महरु खुलेका छन् । कृषिबारे बुझ्न आउनेहरुका लागि यो गाउँ पाठशाला जस्तै बनेको छ । कृष्णले आफ्नो खेतबारी मात्र होइन पूरा गाउँलाई नै अर्गानिक बनाउन निक्कै मिहिनेत गर्नु परेको थियो । अन्य गाउँलेले जस्तै कृष्णले पनि सुरुका वर्षमा धेरै उत्पादन हुने लोभमा खेतीमा रासायनिक मल र विषादीको प्रयोग गरेका थिए । तर केही वर्षमा माटोको उर्वरा शक्ति हराएर उब्जनी घट्न थाल्यो । त्यसपछि उनले किन यस्तो भयो ? भनेर कारण खोजे । धेरैतिर बुझ्दा थाहा भयो, रासायनिक मल र विषादीको प्रयोगले माटोको उर्वरा शक्ति नै हराउने रहेछ । बारीमा रासायनिक मल र विषादी प्रयोग गरेर आफैंले गल्ति गरेको महशुस गरी उनले त्यसलाई सुधार्ने बाचा गरे । तर बिग्रिएको माटो सुधार गर्नु त्यति सजिलो काम थिएन । त्यसका लागि निक्कै मिहिनेत गर्नु परेको उनको अनुभव छ । माटो सुधार्नका लागि त्यसपछि कृष्णले आफैं जैविक मल उत्पादन गर्न थाले । जैविक वनस्पतीकै विषादी बनाए । जैविक मल र विषादी बनाउने काम अहिले पनि गरिरहेका छन् । उनी भन्छन्, 'रासायनिक मल र विषादी हाल्नु हुन्न भन्ने बुझेपछि म अग्र्यानिक खेतीका अभियन्ता बनेको हुँ ।' अर्गानिक खेती गर्नका लागि आफ्नो बारीमा मात्र रासायनिक मल र विषादी प्रयोग नगरेर हुने अवस्था थिएन । उनी भन्छन्, 'मैले मेरो बारीमा त रासायनिक मल र विषादी प्रयोग गरिन तर गाउँमा अरुले प्रयोग गरेपछि त्यसको असर मेरो बालीमा पनि पर्ने रहेछ । त्यसो हुँदा अर्गानिक खेती गर्न सम्भव नदेखिएपछि अरुलाई पनि बुझाउने कोसिस गरें र सफल पनि भएँ ।' अहिले उनको पाइला पछ्याउँदै बसन्तटार गाउँका एक सय ५० घरघुरीले अर्गानिक खेती गर्छन् ।

त्यसमध्ये ५५ घरको मुख्य आम्दानीको स्रोत अर्गानिक कृषि नै रहेको उनी बताउँछन् । बसन्तटार अहिले कृषि अभियन्ताहरुका लागि सिकाइको थलो बनेको छ । कृषिबाट राम्रो आम्दानी गर्नुका साथै अरुका लागि प्रेरणाका स्रोत समेत बनेका कृष्णलाई विभिन्न सङ्घसंस्थाले सम्मान समेत गरेका छन् । परिवारसहित कृषिमै रमाइरहेका राई भन्छन्, 'कृषिमा अलि मेहनत आवश्यक पर्छ तर सम्भावनै छैन भन्ने कुरा गलत हो । पलायन हुनुभन्दा युवाहरुले आफ्नै ठाउँमा पसिना बगाए देश समृद्ध बन्छ, कसैले पनि परिवार पाल्न विदेश भौंतारिनुपर्ने अवस्था आउँदैन ।'

# जडीबुटीखेतीमा किसानको आकर्षण



**रासस**
**टीकापुर ।**
कैलालीको टीकापुर, लम्की–चुहा, जानकी, भजनी र बर्दगोरिया पालिकाका दुई सय १२ किसान जडीबुटीखेतीमा लागेका छन् । धान, तोरीपछिको तेस्रो बालीका रूपमा जडीबुटीखेती गर्न लागेका हुन् । टीकापुरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीबाट बीउ लगेर जडीबुटीखेती गरिरहेका छन् । यस वर्ष जडीबुटी कम्पनीले मेन्था तेल उत्पादन चार हजार किलो लक्ष्य राखेको छ । अहिलेसम्म ५६ लाख रुपैयाँको तेल उत्पादन भइसकेको कम्पनीले जनाएको छ । 'एक सय ५२ किसानले मेन्थाखेती गर्नुभएको छ भने ५५ किसानले युक्यालिप्टसखेती गर्नुभएको छ । यस्तै पाँचजना किसानले क्यामोमाइलखेती गर्नुभएको छ', कम्पनीका टीकापुर प्रमुख कमल बेल्वासेले भने, 'टीकापुरमा जडीबुटी उत्पादन गर्ने अत्याधुनिक उद्योग सञ्चालनमा छ तर यसले पूरा क्षमता उत्पादन गर्न पाएको छैन ।'

उनले जडीबुटी उत्पादनका लागि बीउ स्थानीय सरकारले अनुदान दिने हो भने किसानको आकर्षण अझै बढ्ने बताए । 'तेस्रो बालीका रूपमा ९० दिनमा प्रतिकठ्ठा कम्तीमा सात हजार रुपैयाँ प्रतिफल लिन सकिन्छ', उनले भने, 'कम्पनीले किसानको जडीबुटी निःशुल्क प्रशोधन गर्ने गरेको छ भने किसानको उत्पादन कम्पनीले नै खरिद गर्ने गरेको छ ।' बीउ उत्पादनका लागि कम्पनीले आफैँ खेती गरे पनि तारबारको अभावमा संरक्षण हुन नसकेको प्रमुख बेल्वासेले बताए । यसरी जडीबुटी उत्पादन गर्नेमा टीकापुर नगरपालिकाका किसान धेरै छन् । किसानले बजार खोज्नु नपर्ने भएपछि जडीबुटीबाट आम्दानी लिन सहज भएको स्थानीय किसानको भनाइ छ । 'अघिल्लो वर्ष सात हजार रुपैयाँको बीउ किनेर मकैखेती गर्दा जम्मा १२ हजार रुपैयाँको मकै भयो, यस वर्ष मकैखेती नगरेर एक बिघा जग्गामा मेन्थाखेती गरेको छु', टीकापुर–१ वनगाउँका किसान दिलबहादुर चौधरीले भने, 'तेस्रो बाली हो, अरु खेती गर्नुभन्दा जडीबुटीखेती गर्दा राम्रो हुन्छ ।' जडीबुटीखेती गर्न किसान तयार भए पनि बीउलगायत अन्य सुविधा नभएका कारण समस्या भएको चौधरीले बताए । एक कठ्ठा जमिनमा तीनदेखि पाँच लिटरसम्म मेन्थाको तेल उत्पादन हुने जनाइएको छ । मेन्थाबाट प्रशोधित तेल प्रतिलिटर एक हजार चार सय रुपैयाँ, यूक्यालिप्टस प्रतिलिटर एक हजार एक सय ५० रुपैयाँ र केमोमाइल १९ हजार रुपैयाँ प्रतिकिलोमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी टीकापुरले खरिद गर्ने गरेको छ । कम्पनीसँग टीकापुरमा साढे चार बिघा जग्गा छ ।

यही जगामा किसानका लागि आवश्यक पर्ने बीउ उत्पादन गर्ने गरेको छ । अन्य उत्पादनमा अनुदान पाएपछि तीन वर्षअघिदेखि जडीबुटीखेती गरिरहेका किसानले जडीबुटीखेती गर्न छाडेका थिए । यस वर्ष पुनः जडीबुटीखेतीमा लागेको स्थानीय किसानको भनाइ छ । प्रशोधन कम्पनीसँग जडीबुटी प्रशोधन गर्ने दुई थान मेसिन थिए । खेती गर्ने किसान बढेपछि जडीबुटी प्रशोधन कम्पनीले छ वर्षअघि करिब एक करोड ५० लाख रुपैयाँमा अत्याधुनिक थप चार मेसिन बढाएर छ थान पुर्याएको छ । जडीबुटीखेती अन्नबालीभन्दा सजिलो र नगदेबाली भएकाले किसानको आकर्षण बढेको उनीहरूको भनाइ छ । कम्पनीले स्थानीयलाई रोजगार पनि दिएको छ । कम्पनीको टीकापुर शाखामा नियमितरूपमा ३० दैनिक ज्यालादारीमा र सात जना स्थायी कर्मचारी छन् । जडीबुटी उद्योगसँग रहेको छ प्रशोधन मेसिन दैनिक १६ घण्टा चल्छन् । कम्पनीले दैनिक ५० टन जडीबुटी प्रशोधन गर्न सक्ने कम्पनीका प्रमुख बेल्वासेले बताए । 'जेठ र असारमा मेन्था, फागुन र चैतमा क्यामोमाइल प्रशोधन गरिन्छ । अन्य समयमा कोरा जडीबुटी सङ्कलनको काम गर्छौं', उनले भने । 'मेन्थाबाट सञ्चो, हिमालयन मसाज तेल, पाउडर, साबुन उत्पादन हुन्छ', कम्पनीका प्रमुख बेल्वासेले भने, 'सञ्चो र मसाज तेल स्वदेशमा राम्रो खपत भइरहेको छ ।' प्रशोधित तेल आफ्नै जडीबुटी कम्पनीले उत्पादन गर्ने तेलमा खपत भइरहेको उनले बताए । 'केमोमाइलबाट प्रशोधित तेल भने विदेशमा खपत हुने गरेको छ', उनले भने, 'मेन्था र केमोमाइलबाट उत्पादित तेल दर्जनौँ औषधि तथा चकलेटमा प्रयोग हुन्छ ।'


## कर्मचारी आवश्यकता सम्बन्धी

## अत्यन्त जरुरी सूचना

एक प्रतिष्ठित शैक्षिक संस्थाको लागि देहायका कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्पूर्ण बायोडाटा सहित तल दिइएको इमेलमा आफ्नो दरखास्त बुझाउन सकिनेछ।

**पद :** प्राविधिक कर्मचारी–१

**इमेल :** eduinstitutioninfo@gmail.com

**योग्यता :** प्राविधिक पदका लागि स्नातक उत्तीर्ण गरि कुनै पनि निजी तथा सरकारी कार्यालयमा प्राविधिक कर्मचारी भई कम्तीमा एक वर्षको अनुभव एवं अंग्रेजी र नेपाली टाईपिङ्गमा राम्रो दखल भएको।


# आलुको 'ब्राण्डिङ' गर्दै गण्डकी प्रदेश



**रासस**
**गलकोट ।**
चालु आर्थिक वर्षमा बागलुङमा आलुको व्यावसायिक खेती प्रवद्र्धनका लागि बीउदेखि बजारीकरणसम्म किसानलाई अनुदान दिन थालिएको छ । बागलुङका १० वटै पालिका समेट्नेगरी समूह र सहकारीमार्फत आलुखेतीको व्यावसायीकरण गर्न थालिएको छ । एक सय ५० हेक्टर जग्गामा आलुखेती विस्तार गर्न रैथाने र उन्नतजातको आलुको बीउ प्रदान गर्ने, आलु गोडमेलमा यान्त्रिकीकरणको प्रयोग गर्ने, सिँचाइको व्यवस्था गर्ने, आलु खन्ने औजार वितरण गर्नेदेखि उत्पादनका आधारमा अनुदान र बजारीकरणमा सहयोग पुर्याउने गरी कृषि ज्ञान केन्द्रले धमाधम आलुखेती विस्तारका लागि किसानलाई प्रेरित गरेको छ । ज्ञान केन्द्र बागलुङले गण्डकी प्रदेश सरकारको आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत बागलुङको उच्च पहाडी क्षेत्रको एक सय ५० हेक्टर जग्गमा आलु लगाउन बीउदेखि उत्पादन भएको आलुको बजारीकरणको व्यवस्था मिलाएको छ । चालु आवमा खायन आलु उत्पादन प्रवद्र्धन कार्यक्रम गर्न तीन करोड ६० लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । जिल्लामा आलुको प्रवद्र्धन गर्नका लागि हालसम्मकै धेरै बजेट विनियोजन भएपछि किसान हर्षित भएर योजना कार्यान्वयनमा लागेका छन् । कृषि ज्ञान केन्द्र बागलुङका बाली विकास अधिकृत कुमार पुनका अनुसार आलुको व्यावसायिक उत्पादनसँगै आलु निर्यात गर्ने लक्ष्यका साथ गण्डकी प्रदेश सरकारले आलु किसानलाई प्राथमिकतामा राखेको बताए । आलुको बीउदेखि बजारीकरणसम्मको कामका लागि जिल्लाभरका ६४ समूह र सहकारीसँग सम्झौता भइसकेको अधिकृत पुनले बताए । कार्यक्रम सामूह र सहकारीमार्फत गर्दा धेरै किसान लाभान्वित हुने उनको भनाइ छ । कार्यक्रममा समावेश हुनका लागि न्यूनतम ३० रोपनी जग्गामा आलुखेती गर्न आवश्यक हुन्छ । अधिकांश सम्झौता भइसकेका किसानलाई बीउ दिन थालिएको उनको भनाइ छ । जिल्लाको ढोरपाटन, निसेलढोर, तमानखोलाको लाममेला, नर्जाखानी, निसीखोलाको भल्कोट, सिप, गलकोटको पाण्डखानी, बडिगाडा रणसिंह कटेनी, ताराखोला, बरेङको सल्यान र सुखौरालगायतको क्षेत्रमा आलुको उत्पादन बढाउन उक्त कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रममा समावेश भएका सहकारी र कृषिक समूहलाई आलुको बीउ, औजार, सिँचाइ, आलु खन्ने मेसिन, बजारीकरणका लागि क्यारेट, विषादिसम्मको सहयोग ज्ञान केन्दले गर्ने गर्दछ । बागलुङको उच्च भागमा पाइने आलु निकै स्वादिष्ट मानिन्छ । चालु आवमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि मात्रै ज्ञान केन्द्रले तीन करोड ६० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

यो कृषि ज्ञान केन्द्रको लागि छुट्याइएको कुल बजेटको झण्डै आधा बजेट हो । बागलुङको आलुको ब्राण्डिङ गर्न अहिलेको कार्यक्रमले सहयोग गर्ने छ । गण्डकी प्रदेशलाई आलुमा आत्मनिर्भर गराउने, आलुको ब्राण्ड गर्ने र पहाडी जिल्लामा खायन आलुको प्रवर्द्धन गर्ने उद्देश्य राखेर यस वर्ष आलुलाई छुट्टै बजेट विनियोजन गरेको गण्डकी प्रदेश सरकारले जनाएको छ । अघिल्लो वर्ष बागलुङमा तीन हजार छ सय ५५ हेक्टर जमिनमा आलु लगाइएको थियो । त्यसबाट ५९ हजार छ सय ५० मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार यस वर्ष आलु उत्पादन १० प्रतिशतले बढ्ने देखिएको छ । उत्पादित आलुमध्ये ३० प्रतिशत घर खान प्रयोग हुने र ७० प्रतिशत आलु किसानले बिक्री गर्ने गर्दछन् ।




# कार्यालय सहयोगीले नायबसुब्बाको परिचयपत्र झुण्ड्याउँदा ...

**रासस**
**सिरहा ।**
कृषि ज्ञान केन्द्र सिरहामा करार सेवामा कार्यरत कर्मचारी अजयकुमार कर्णले किसानलाई अनुदानमा ट्र्याक्टर मिलाइदिने आश्वासन दिँदै लाखौँ रकम असुल गरी फरार भएका छन् । अहिले पीडित किसान आफूहरूले अनुदानको ट्र्याक्टर पनि नपाएको र रकम फिर्ता नपाएको जनाउँदै चिन्तित भएका छन् । पीडितले आफूहरूको रकम फिर्ता हुनुपर्ने माग राखेपछि कर्णले ट्र्याक्टर नपाउने सबैको रकम फिर्ता गरिदिने जनाउँदै विभिन्न मितिका नबिल र ग्लोबल आइएमई बैंकको चेक सहीछाप गरी पीडितलाई दिएका थिए । पीडितले पटक–पटक बैंक जाँदा पनि खातामा रकम नभएको जानकारीपछि चेक अनादारमा बैंकिङ कसुरसम्बन्धी जिल्ला प्रहरी प्रशासन कार्यालयमा बैंकको अनादार चेक रिपोर्टसहित निवेदन दिएका बताइएको छ । प्रहरी कार्यालय सिरहाका अनुसार कर्ण फरार रहेको र खोजी जारी रहेको छ । सिरहा प्रहरी प्रवक्ता रवीन्द्रराज पाण्डेले फरार कर्णको 'केवाइसी' अध्ययन भइरहेको र प्राप्त भएका निवेदनको आधारमा बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता गरी कारबाही अगाडि बढाइएको बताए । आफूहरूलाई प्रलोभनमा पारी रकम असुली गरिएको औरही गाउँपालिका–२ स्थित तुलसीपुरकी पुनिता महतोले बताए । उनले भने, 'ठगी गर्ने कर्ण चिनजानकै व्यक्ति हुन् । कृषि ज्ञान केन्द्रका कर्मचारी पनि भएकाले विश्वास गरी ट्र्याक्टर पाउने आशले अग्रिम अनुदानको आधा रकम बुझाइयो । तर अहिले न ट्र्याक्टर पाइयो, न रकम फिर्ता नै ।'
उनका अनुसार कर्णले गत कात्तिक १९ र २० गते नबिल र ग्लोबल आइएमई बैंकको चेक दिएका थिए । तर खातामा पर्याप्त रकम नभएको बैंकले बताएको थियो । महतोजस्तै सुखीपुर नगरपालिका–५ का राजकिशोर यादव पनि ठगी गरी कर्ण फरार भएपछि आफू मानसिक तनाबमा परेको बताए । यादवमार्फत सिरहाको औरही, अर्नामा, कल्यानपुर, मिर्चैया, वरियारपट्टी, लक्ष्मीपुर पतारीलगायतका स्थानबाट ११ स्थानीयले जम्मा ९६ लाख रुपैयाँ कर्णलाई ट्र्याक्टर पाउने आश्वासनमा बुझाएको जानकारी दिए । उनका अनुसार प्रत्येक पीडित व्यक्तिबाट पाँचदेखि नौ लाख रुपैयाँसम्म लिइएको थियो । केही बैंकमार्फत त केही नगदमा रकमको कारोबार गरिएको यादवले जानकारी दिए ।
पीडितहरूको यकिन तथ्याक नभए पनि सयौँको सङ्ख्यामा हुनसक्ने स्थानीय मनोज यादव बताउँछन् । उनका अनुसार नागरिकको कम्तीमा पनि रु १० करोडबराबरको रकम हिनामिना गरी कर्ण फरार भएका छन् । फरार कर्णको सिरहा नगरपालिका–१० स्थायी घर हो । अहिले दैनिक दर्जनौँ पीडित व्यक्ति घर पुग्ने गरेको कर्णको बुवा कृष्णदेवलाल कर्णले जानकारी दिए । छोराको बदमासीका कारण यतिबेला आफू तनाबमा परेको जनाउँदै प्रहरीमा शान्ति सुरक्षाको निवेदन दिएको उनले बताए । कृषि ज्ञान केन्द्र सिरहाले भने फरार रहेका कर्ण कार्यालय सहयोगीमात्र भएको जानकारी दिएको छ । पीडितका अनुसार कर्णले नायबसुब्बाको परिचयपत्र झुण्ड्याएको बताए पनि ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले भने कर्ण कार्यालय सहयोगीमात्र भएको र विगत दुई महिनादेखि तलब पनि नलिएको जानकारी दिए । कर्णले सर्वसाधारणको रकम हिनामिना गरेको सम्बन्धमा आफू जानकार नभएको प्रमुख महासेठले बताए ।

# उपसचिव प्रधान कटहरियामा हाजिर, २ पालिकाको जिम्मा



**सञ्जय मिश्रा**
**रौतहट ।**
जिल्लाको कटहरिया नगरपालिकाको नयाँ प्रमुख प्रशासकीय अधिकृतको रूपमा उपसचिव सुरेन्द्र प्रधान हाजिर भएका छन् । आईतबार मेयर अजयप्रकाश जयसवालले स्वागत गर्दै उनलाई हाजिर गराएका हुन् । कटहरियासँगै उनी दुई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका छन् । यसअघि प्रधान फतुवा बिजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारि सम्भाल्दै आएका छन् । तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गौरीशंकर कुमार सिंह बाराको एक स्थानीय तहको प्रमुखको रूपमा सरुवा भएर गएपछि दुई सातादेखि कटहरिया नगरपालिका प्रमुखविहीन थियो । कटहरियाका मेयर अजयप्रकाश जैसवालको पहलमा संघीय मामिला तथा सामान्य मन्त्रालयबाट कटहरियाको प्रमुख प्रशासकीय अधिकृतमा उपसचिव प्रधान आएका हुन् । फतुवा बिजयपुर नगरपालिकामा कार्यवाहक मेयर अम्बेया खातुन र वडा अध्यक्षहरुबीचको लामो समयदेखि चलेको विवाद उपसचिव प्रधानको पहलमा समाधान भएको थियो । उपसचिव प्रधान यसअघि गौर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गरिसकेका छन् ।

# निजी क्षेत्रको लगानीमा भरत तालमा सुविधा थपिँदै




**एसपी गौरब ।**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकाले निर्माण गरेको दक्षिण यसिया कै सबै भन्दा ठूलो मानव निर्मित बागमती माछा पोखरी (भरत ताल)मा निजी क्षेत्रहरूको लगानीमा सेवा सुविधाहरू थप गरिएको छ । बागमती नगरपालिका ४ र १२ स्थित बुढी बागमतीको किनारमा खेर गएको बाँझो जमिनमा एक सय २० बिघा क्षेत्रफलमा दक्षिण यसिया कै सबै भन्दा ठूलो मानव निर्मित बागमती माछा पोखरी (भरत ताल) निर्माण सुरु भएसँगै आन्तरिक तथा बाह्य पर्यटकहरूको घुइँचो बढेपछि निजी क्षेत्रहरूको लगानीमा सेवा सुविधाहरू थप गरिएको बागमती नगरपालिकाका नगर प्रमुख भरत कुमार थापाले जानकारी दिए । उनका अनुसार करिब दुई वर्षअघि तालमा बोटिङको मात्रै सुविधा रहेकोमा अहिले जिप लाइन, वाटर साइकल, स्काइ साइकलिङ, ऊँट र घोडामा चढेर तालको वरपर अवलोकन गर्ने र वृद्धवृद्धाहरूका तथा बालबालिकाहरूलाई मिनी रेल, सर्वसाधारणहरूका लागि फोटो खिच्न र भिडियो बनाउन क्यामरामेनको समेत व्यवस्था गरिएको हो । बागमती नगरपालिकाले निजी क्षेत्रसँगको सहकार्यमा चालु आर्थिक वर्ष २०८०÷०८१ देखि पर्यटकहरूका लागि एक दर्जनभन्दा धेरै सुविधाहरू थप गरेको बागमती नगरपालिकाकी उप प्रमुख लिला कुमारी मोक्तानले जानकारी दिइन् । उनका अनुसार नगरपालिकाले निजी क्षेत्रसँगको सहकार्यमा एक दर्जनभन्दा धेरै सुविधाहरू थप गरेपछि दैनिक हजारौँको संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू ताल घुम्न आउने गरेका छन् । वरपरको भूभागसहित भरत ताल एक सय २१ बिघा क्षेत्रफलमा निर्माणाधिन अवस्थामा रहेको छ । नेपाली तथा अंग्रेजी नयाँ वर्ष, शनिबार तथा सार्वजनिक बिदाको दिन यहाँ पर्यटकहरूको भिड लाग्ने गरेको बागमती इन्टरटेनमेन प्रा.लिका गौमत खड्काले बताए । उनले नगरपालिकासँग सम्झौता गरेर ८० प्रतिशत रकम कम्पनी र २० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा हुने गरी टिकट बिक्री भइरहेको समेत बताए । तालमा बोटिङ चढ्दा ठुलो जहाजमा पाँच सय रुपैयाँ, सानो डुङ्गामा तीन सय शुल्क रुपैयाँ लाग्ने गर्दछ । तालमा पाँच वटा घोडा र एउटा ऊँट, एउटा अजिङ्गर र एउटा मिनी रेल पनि सञ्चालनमा छ, जसमा पर्यटकहरू चढेर घुम्ने, फोटो खिच्ने र भिडियो बनाउने गर्दछन् । दक्षिण यसिया कै सबै भन्दा ठूलो मानव निर्मित भरत ताल आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि मुख्य आकर्षण केन्द्र मात्रै बनेको छैन् ।
नगरपालिका भित्रका बेरोजगार युवाहरुले रोजगारी पाएका छन् भने भरत ताल नगरपालिकाको दीर्घकालीन आन्तरिक आय स्रोतको केन्द्र बनेको बागमती नगरपालिका १२ का वडा अध्यक्ष ओम बहादुर श्रेष्ठले बताए । चालु आर्थिक वर्षको ६ महिनामा नगरपालिकाले बोटिङबाट मात्रै करिब एक करोड रुपैयाँ राजस्व संकलन गरेको छ भने सवारी साधन पार्किङ शुल्क बापत करिब ५० लाख रुपैयाँ राजस्व संकलन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बताए । प्रमुख प्रशासकीय अधिकृत पुरीले भने, 'अब हाम्रो योजना पिकनिक स्थल, जंगबहादुर राणाको परिचय खुल्ने जंगे पार्क, चिडियाखाना, मिनि नेपाल, शिव पार्वतीको मुर्तीका साथै नेपालका सातै प्रदेशका साँस्कृति झल्कने पहिचानहरु बनाउने योजना छ । यसका लागि बजेट अभावले अलि समस्या भएको छ ।', प्रमुख प्रशासकीय अधिकृत पुरीले बताए । भरत ताल सर्लाही र रौतहटको सिमाना पूर्वपश्चिम राजमार्गबाट करिब तीन किलोमिटर दक्षिण पर्ने भरत तालले मधेश प्रदेशकै पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको प्रमुख प्रशासकीय अधिकृत पुरीले बताए । पछिल्लो समय भारतको बिहार र देशभरबाट पर्यटकहरूको ओइरो लागेको छ । भरत ताल निर्माणाधिन अवस्था मै यस वरपरका बस्तीहरुमा खानेपानीको समेत समस्या आफैँ समाधान भएको प्रमुख प्रशासकीय अधिकृत पुरीले बताए ।

# वीरगंजका एक युवक भारतबाट पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली बालिकालाई केरला लैजान खोज्ने वीरगंजका एक युवक भारतबाट पक्राउ परेका छन् ।
१४ वर्षीय नाबालिगलाई जालझेलमा फसाएर भारत लगेका वीरगंजका २६ वर्षीय मोहम्मद इस्राफिल अन्सारी पक्राउ परेका हुन् । अन्सारीलाई भारतको उत्तराखण्ड भीम तालबाट पक्राउ गर्नुका साथै नाबालिगलाई उद्धार गरिएको मानव बेचबिखन नियन्त्रण इकाई एरिया हेडक्वार्टर एसएसबी बेतिया कार्यालय रक्सौलका इन्स्पेक्टर मनोजकुमार शर्माले जानकारी दिए । सोधपुछका क्रममा उनले थप दुई युवतीसँग यसै गरी विवाह गरेर छोडेको बयान दिएको भारतीय प्रहरीको दाबी छ ।

# बिल बिजकभन्दा बढीको हार्डवेयरसहित ट्रक नियन्त्रणमा




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिल बिजक भन्दा ३५ लाख बढीको हार्डवेयर लोड रहेको मालवाहक ट्रक नियन्त्रणमा लिएको छ । बिल विजक भन्दा बढी हार्डवेयरबोकेको माल बाहक ट्रक वीरगंजबाट चितवनतर्फ जाँदै गरेको सूचनाको आधारमा वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डकचोकमा नियन्त्रणमा लिइएको थियो । ना.६ ख ४२७१ नम्बरको ट्रकलाई रोकी जाँच गर्ने क्रममा ३५ लाख १५ हजार ४ सय ५ रुपैया बराबरको हार्डवेयर पार्टसहरू नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।
पक्राउ परेका हार्डवेयर पार्टस र ट्रकलाई आवश्यक कारवाहीको लागि आइतबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रवक्ता थापाले बताए । यसैबीच पर्सा प्रहरीले भन्सार छली चोरी पैठारी गरी ल्याएको ७ लाख मुल्य बराबरको जुत्ताहरू बरामद गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर ८ घण्टाघर स्थित सडकखण्डमा घरकोठा भाडामा लिई नामथर वतन नखुलेको व्यक्तिले भारतबाट भन्सार छली चोरी पैठारी गरी ल्याइएको जुत्ताहरू बरामद गरिएको हो । अनाधिकृत रूपमा भण्डारण गरी राखेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले खानतलासी गर्दा ७ लाख ५ हजार मुल्य बराबरको ६ सय ९५ जोर जुत्ता, ३७ पिस सुपर क्लिक क्रिम र २६ पिस प्लाष्टिकको लेडिज चप्पल बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । बरामद जुत्ताहरू आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालयमा पठाइएको छ ।

# 'नो क्यान'मा सञ्चालन हुँदै चिनी मिल, केही बन्द

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको गोडैतामा रहेको महालक्ष्मी चिनी उद्योग बगदह करिब साँढे १२ लाख क्विन्टल उखु क्रसिङ गरेर बन्द भएको छ । महालक्ष्मीले यस वर्ष १२ लाख ३९ हजार क्विन्टल उखु क्रसिङ गरेर उद्योग बन्द भएको उद्योगका उखु प्रबन्धक पवन सिंहले जानकारी दिए । 'उखु अभाव भएपछि उद्योग बन्द गरिसकेका छौँ', उखु प्रबन्धक सिंहले बताए । जिल्लामा रहेका तीन वटा चिनी मिलहरु मध्य निकै ढिलो गरी फागुन पहिलो साताबाट मात्रै सञ्चालनमा आएको धनकौलस्थित अन्नपूर्ण चिनी उद्योग पनि किसानहरुले उखु ल्याउँदा संचालन गर्ने र उखु नहुँदा बन्द हुने गरेको छ । हरिवनस्थित रहेको इन्दु शंकर चिनी उद्योग पनि 'नो क्यान'मा संचालन भइरहेको छ । जिल्ला किसानहरुले उद्योगमा उखु ल्याउन छाडेपछि यस्तो अवस्था आएको इन्दु शंकर चिनी उद्योगमा उखु प्रबन्धक योग नारायण रजकले बताए । उनका अनुसार करिब एक सातादेखि उद्योगमा 'नो क्यान'सुरु भएको छ । 'विगत करिब एक सातादेखि उद्योगलाई चाहिएजति उखु आउन छाडेकाले 'नो क्यान'मा उद्योग सञ्चालन भई रहेको छ', उखु प्रबन्धक रजकले बताए । यो वर्ष किसानहरुले उद्योगमा उखु ल्याएको एकसाता देखि १५ दिनभित्रमै सबै भुक्तानी दिइरहेको जिल्लामा रहेका तीनवटै चिनी उद्योगहरुले दाबी गरेका छन् । पछिल्लो समय जिल्लाका उखु उत्पादक किसानहरुले उखु खेती कम लगाउन थालेका कारण उद्योगहरुले चाहेजती उखु पाउन नसकेका नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनी मैनालीले बताए । उनका अनुसार उद्योगलाई उखु बेचेको लामो समय सम्मपनि भुक्तानी नपाएर हैरान भएका जिल्लाका उखु उत्पादक किसानहरुले उखु खेती कम गर्दै लगेका कारण उद्योगहरुले राखेको लक्ष्य अनुसार उखु नपाएका हुन् । जिल्लाका महालक्ष्मी र अन्नपुर्णले उखु उत्पादक किसानहरुलाई समयमै भुक्तानी नदिँदा हैरान भएका जिल्लाका उखु उत्पादक किसानहरुले उखु खेतीको विकल्प खोज्न थाल्दा त्यसको प्रत्यक्ष मार इन्दु शंकर चिनी उद्योगलाई परेको जानकारहरु बताउँछन् । देशभरीकै चिनी उद्योगहरुको तुलनामा उखु उत्पादक किसानहरुलाई समयमै भुक्तानी दिएर राम्रो छवी बनाएको इन्दु शंकर चिनी उद्योग पनि लक्ष्य अनुसार उखु क्रसिङगर्नसक्ने अवस्थामा छैन् ।

# चार राउण्ड गोलीसहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको बागमती नगरपालिका १० सोल्टीबाट चार राउण्ड गोली सहित दुईजना पक्राउ परेका छन् । बागमती नगरपालिका १० स्थित सोल्टी बरहथवा सडक खण्डबाट अस्थाई प्रहरी चौकी सोल्टी र जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको साझा पोसाकको प्रहरीको टोलीले चार राउण्ड गोली सहित मंलगवा नगरपालिका १ का अन्दाजी २१ वर्षका पोसन महरा राम र बागमती नगरपालिका ८ का अन्दाजी २४ वर्षका रंजित रामलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए ।
उनका अनुसार शंकरपुरबाट सोल्टीतर्फ जाँदै गरेको बिआर ३० डव्लु ५८८३ नम्बरको मोटरसाइकलाई चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा सवार एक जना व्यक्तिसँग चार राउण्ड अवैध गोली फेला परेको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन